

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

वर्ष २६ • अंक २९९ • २०८१ साल चैत १४ गते विहीबार (27 March, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भूमि अध्यादेशबाट सरकार ब्याक

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ गठबन्धनले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको अडानका कारण भूमि सम्बन्धी अध्यादेश बाट ब्याक भएको छ।

सरकार ब्याक भएसंगै भूमि सम्बन्धी अध्यादेश सरकारले निष्क्रिय गर्ने निर्णय गरेको जनाइएको छ।

बालुवाटारमा बसेको गठबन्धनको बैठकबाट अध्यादेश अगाडि बढाउन नसक्ने निष्कर्ष निकाल्दै भूमि सम्बन्धी अध्यादेशलाई नियमित विधेयकको रूपमा अगाडि बढाउने निर्णय गरिएको जनाइएको छ।

'अब यो नियमित विधेयकको रूपमा अघि बढ्छ, विधेयक अघि सार्दा अन्य सत्तारुढ तथा अन्य दलहरूले उठाएका विषयहरू पनि समेटेर लैजाने सहमति भएको सत्ता घटक दलले जनाएको छ।

राष्ट्रियसभामा निर्णायक रहेका जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशको विपक्षमा उभिएपछि सरकार ब्याक हुन बाध्य भएको छ।

यस अघि मंगलबार बसेको सत्तारुढ गठबन्धन दलको बैठकमा जसपा नेपालका अध्यक्ष यादव अनुपस्थित थिए।

## अख्तियारले खोज्यो उपभोक्ता समिति गठनको कारण


# मधेश प्रदेशका आठवटै पूर्वाधार कार्यालयसित कागजात माग, कारण देखाउ आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको सबै पूर्वाधार विकास कार्यालयसित अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासले योजना, उपभोक्ता लगायतका कागजातहरु उपलब्ध गराउन पत्राचार गरेको छ।

अख्तियारले पठाएको पत्रमा विनियोजित बजेटको रातो किताबको प्रमाणित प्रतिलिपि, चालु आर्थिक वर्षमा उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको सूचीको प्रमाणित प्रतिलिपी र सो योजनाहरुको हालको कार्यान्वयनको अवस्था, बहुवर्षीय तथा सालबेसाली योजनाहरुको सूचीको प्रमाणित प्रतिलिपी र सो योजनाहरुको हालको अवस्था, (बजेट, म्याद थप भए/नभएको, भएको भए सो कागजात, योजना सम्पन्न गर्न कार्यालयबाट भएका प्रयासहरु समेत) लगायतका कागजातहरु माग गरिएको छ।

त्यसैगरि मुख्यमन्त्री कार्यालयबाट योजना सञ्चालन भइ हाल योजना हस्तान्तरण भइ आएका योजनाहरु, सो हस्तान्तरण गर्ने विभिन्न निर्णयहरु लगायतको कागजातहरु, हाल उक्त अधुरो योजनाहरु सम्पन्न गराउन भएका प्रयासहरु (बजेट माग समेत) र बहुवर्षीय योजनाको सम्बन्धमा अदालतबाट भएका फैसलाहरुको प्रतिलिपि समेत अख्तियारले माग गरेको छ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
अनु-४ क १४०१ C-०३८९१७.०८१/०८२
बर्दिवास, महोत्तरी
फोन : ०४४-५५०६८६
फ्याक्स : ०४४-५५०४३१
२०८१/१२/१०
पत्र संख्या :
च.नं. : 2880/BDL-8182-44683
मिति ने.सं. ११४५ चिल्लाथ्व ०९

विषय:- स्पष्ट राय सहितको कागजात पठाउने सम्बन्धमा ।

श्री पूर्वाधार विकास कार्यालय,
सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा।

अत्यन्त जरुरी/गोप्य

प्रस्तुत विषयमा मधेश प्रदेशको नीति आयोगको दफा १४७ मा प्रदेश सरकार अन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरु खुल्ला एवं प्रतिस्पर्धी विधि अनुसार गरिनेछ भनि उल्लेख भएको साथै मधेश सरकारको अर्थ मन्त्रालयले आ.व. २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन सम्बन्धमा मिति २०८१/०४/०२ मा प्रकाशित सुचनाको दफा १४ मा सार्वजनिक निर्माणका कार्यहरु गर्दा गराउँदा खुल्ला एवं प्रतिस्पर्धि खरिद विधि अनुसार गर्न गराउन भदौ महिना भित्र खरिद योजना स्विकृत गरि असोज मसान्त भित्र बोलपत्र आह्वान गर्ने गरि प्राथमिकता दिनु हुनेछ भन्ने व्यहोरा उल्लेख भएकोमा, नीति तथा बिधिको विपरित मुख्य मन्त्रीको सचिवालय लगायत सबै मन्त्रालयहरुले १० प्रतिशत कमिशन लिई उपभोक्ता समिति मार्फत निर्माणका कार्यहरु संचालन गर्न उद्यत रहेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा के कसो भएको हो ? ताहाँ कार्यालयको स्पष्ट राय सहित तपशीलमा उल्लेखित विषयको संबन्धमा माग बमोजिमको कागजातको प्रमाणित प्रतिलिपि यस कार्यालयको अनुसन्धान शाखा ४-क मा बढीमा १० दिन भित्र प्राप्त हुने गरी पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

तपशील

१. आर्थिक वर्ष २०८०/८१ को ताहाँ कार्यालयको विनियोजित बजेटको रातो किताबको प्रमाणित प्रतिलिपी,
२. आर्थिक वर्ष २०८०/८१ मा उपभोक्ता समितिबाट संचालित योजनाको सुचिको प्रमाणित प्रतिलिपि र सो योजनाहरुको हालको कार्यान्वयनको अवस्था,
३. ताहाँ कार्यालय अन्तरगत बहु वर्षिय तथा सालबसाली योजनाहरुको सुचीको प्रमाणित प्रतिलिपी र सो योजनाहरुको हालको कार्यान्वयनको अवस्था (बजेट, म्याद थप भए/नभएको, भएको भए सो खुल्ने प्रमाणित कागजात, योजना सम्पन्न गर्न कार्यालयबाट भएको प्रयासहरु समेत),
४. मुख्यमंत्री कार्यालयबाट योजना संचालन भई हाल हस्तान्तरण भई आएका योजनाहरु, सो हस्तान्तरण गर्ने विभिन्न निर्णयहरु लगायतको कागजात, हाल उक्त अधुरो योजना सम्पन्न गराउन ताहाँ कार्यालयले गरेको प्रयासहरु (बजेट मागको कागजात लगायत),
५. बहुवर्षिय योजनाको संबन्धमा सम्मानीत अदालतबाट भएको फैसला भए सो समेत।

छानबिन अधिकृत

कृपया पत्राचार गर्दा पत्र संख्या, च.नं. र मिति उल्लेख गरिदिनु होला
इमेल : ciaabardibas@gmail.com

CamScanner

अख्तियारको मधेश प्रदेश कार्यालय बर्दिवासले चैत १० गते आइतबार सबै पूर्वाधार विकास कार्यालयहरुलाई पत्राचार गरी विस्तृत विवरण माग गरेको छ।

मुख्यमन्त्रीको सचिवालयलगायत सबै मन्त्रालयले १० प्रतिशत कमिसन लिइ उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्न उद्यत रहेको व्यहोराको उजुरी सम्बन्धमा के कसो भएको हो ? माग बमोजिमको कागजातहरु बढीमा १० दिन भित्र उपलब्ध गराइदिन अख्तियारले भनेको छ।

### सरकार विरुद्ध कारण देखाउ आदेश

मधेश प्रदेश सरकारले संकल्प प्रस्ताव प्रदेश सभाबाट पारित गरी अर्थ मन्त्रालयको मार्गदर्शन, नीति आयोगको नियम विपरीत उपभोक्ता समितिमार्फत विकास निर्माणको कार्य गरिरहेको मुद्दामा संवैधानिक इजलासले बुधवार सरकार विरुद्ध कारण देखाउ आदेश जारी गर्दै १५ दिन भित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको छ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाश राउत, दान मल्ल, हरि फुयाल , सपना प्रधान मल्ल, कुमार रेग्मी मनोज कुमार शर्मा समेतको इजलासबाट मधेश प्रदेश विरुद्ध कारण देखाउ आदेश जारी भएको छ।

धनुषा जिल्ला निर्माण व्यवसायी संघले दायर गरेको मुद्दामा मधेश प्रदेश सरकारले कानुन, नियम विपरीत प्रदेश सभाबाट संकल्प प्रस्ताव पारित गरेको आधारमा उपभोक्ता समिति मार्फत भइरहेको काम रोक्न माग गरिएको छ।

निवेदकको तर्फबाट अधिवक्ता दीपेन्द्र झाले बहस गरेका थिए।

अख्तियारले नीति आयोगको दफा १४७ मा प्रदेश सरकार अन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरु खुल्ला एवं प्रतिष्पर्धी विधि अनुसार गरिने छ भनि उल्लेख भएको साथै प्रदेश सरकारको अर्थ मन्त्रालयले २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्बन्धमा २०८१/०४/०२ मा प्रकाशित सूचनाको दफा १४ मा सार्वजनिक निर्माणका कार्यहरु गर्दा गराउँदा खुल्ला प्रतिस्पर्धी खरिद विधि अनुसार गर्न गराउन र भदौं महिना भित्र खरिद योजना स्वीकृत गरी असोज महिना भित्र बोलपत्र आह्वान गर्ने गरी प्राथमिकता दिनु हुने भने उल्लेख भएको तर्फ पूर्वाधार विकास कार्यालय प्रमुखहरुलाई प्रष्ट राय दिन भनिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्राचार गरेपछि कार्यालय प्रमुखहरुले कागजात मिलाउन जुटेका छन् । तर भौतिक पुर्वाधार विकास कार्यालयहरुको योजनाको कार्यादेश भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले आफ्नो कब्जामा लिएर दलाल मार्फत बिक्री गरिरहेकै आरोप लगाइएको छ।

पूर्वाधार विकास कार्यालयहरुबाट कार्यादेश मन्त्री यादवले नियन्त्रणमा लिएर दलाल मार्फत सोझै योजनाहरु बिक्री गरिरहेकाले वडा कार्यालयहरुमा उपभोक्ता समिति गठन गर्न समेत विवाद बढेको बताइन्छ।

योजना बिक्रीलाई नियन्त्रण गर्न मधेश प्रदेशका विपक्षी दलहरुले उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरेपछि मुख्यमन्त्री सतीश कुमार सिंहसित मिलेमतो गरी सभामुख रामचन्द्र मण्डलले अनिश्चितकालका लागि प्रदेशसभाको बैठक स्थगन गरेको आरोप छ। सभामुख मण्डलले सो बैठक सूचना जारी गरी स्थगन गरेका छन्।

मधेश प्रदेशमा १० प्रतिशत अग्रीम रकम लिई दलालहरु मार्फत योजनाहरु धमाधम बिक्री भइरहेका छन् । भौतिक पूर्वाधार विकास मन्त्री यादवले अन्य सभासद, मन्त्री र कार्यकर्ताहरुले राखेका योजनाहरु समेत बेचेको आरोप लागेको छ । एमालेकै वडाध्यक्ष र नेताहरुले आफ्नो योजना बिक्री गरेको आरोप लगाउदै मन्त्री यादवलाई हटाउनुपर्ने पार्टीका नेताहरुसित माग गर्न थालेका छन्।

योजना खरिद गरी उपभोक्ता समिति गठन गर्न जाने क्रममा वडाध्यक्षहरुले थप रकम माग गरेको ठेकेदारहरुको गुनासो छ। वडाअध्यक्षहरुले पूर्वाधार कार्यालयले सोझै वडामा योजनाको विवरण सहित उपभोक्ता समिति गठनका लागि पत्राचार गर्नुपर्ने माग गर्दै आएका छन्।

पूर्वाधार विकास कार्यालयका प्रमुखले आफूहरुसित कुनै योजना नै नरहेको र सबै मन्त्रीजीले लगेको खुल्लेआम बताउने गरेका छन्।






# सिटिजन्स बैंकको २००औं शाखा खोटाङको दिक्तेलमा



टुडे समाचारदाता

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो थप एक नयाँ शाखा कोशी प्रदेशको खोटाङ जिल्ला, दिक्तेल स्थित रुपाकोट मझुवागढी नगरपालिका वार्ड १ मा सञ्चालनमा ल्याएको छ । यो सँगै बैंकको २०० वटा शाखाहरु सञ्चालनमा आएका छन् ।

नयाँ शाखाको सञ्चालन सँगै कोशी प्रदेशमा सञ्चालनमा रहेका शाखाहरुको संख्या २८ पुगेको छ । आज मिति २०८१ गते उक्त शाखा कार्यालयमा पूजा पाठ गरी बैंकिङ्ग कारोबारको सुरुवात गरिएको छ ।

कार्यक्रमलाई संवोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले ग्राहकहरूलाई उत्कृष्ट सेवा सुविधा पुऱ्याउने क्रममा खोटाङ दिक्तेलमा नयाँ शाखा सञ्चालनमा ल्याएर अझ उच्चस्तरीय ग्राहक सेवामा समर्पित रहने कुरा व्यक्त गरे । समारोहमा स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरुको उपस्थिति रहेको थियो ।

सुविधा सम्पन्न यो शाखा मार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ्ग सेवा प्रदान गर्नुका साथै साना तथा मझौला व्यवसायीहरु माझ वित्तीय पहुँच पुर्याउने लक्ष्य बैंकले राखेको छ ।

नयाँ शाखा सञ्चालनको अवसरमा यो शाखामा खाता खोल्दा कर्पोरेट मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग जस्ता सेवाहरु पहिलो वर्ष निःशुल्क प्राप्त गर्न सकिनेछ । डी-म्याट खाता खोल्दा लाग्ने शुल्कमा पहिलो वर्षको लागि छुटको व्यवस्था रहेको छ ।

नयाँ शाखा शुभारम्भ भएको दिनमानै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वार्ड ९ मा सञ्चालनमा रहेको श्री महेन्द्रोदय माध्यमिक विद्यालयलाई कम्पयूटर र प्रिन्टर सहयोग उपलब्ध गराएको छ । विद्यालयमा आयोजित कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले सहयोग स्वरुप सो सामाग्री हस्तान्तरण गरे । समारोहलाई सम्बोधन गर्दै उनले बैंकको यो सानो सहयोगले विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे ।

विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द ईयर २०२४' को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोन पेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोन पे क्रेडिट कार्ड"९भर्चुअल क्रेडिट कार्ड० सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एप मार्फत नै सेयर आवेदन र ऋच्ल् नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६७ वटा ए.टी.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

# लिट्मस इन्डस्ट्रिज लिमिटेडद्वारा एल्युमिनियम रड उत्पादन उद्योगको सुरुवात

टुडे समाचारदाता

काठमाण्डु । लिट्मस इन्डस्ट्रिज लिमिटेडले "लिट्मस २.०" अन्तर्गत एक ऐतिहासिक उपलब्धि हासिल गर्दै नेपालको पहिलो एल्युमिनियम रड उत्पादन उद्योगको औपचारिक सुरुवात गरेको छ । नवलपरासीको रामग्राम हकुईमाअवस्थित यस अत्याधुनिक उद्योगले नेपाली बजारमा हुने एल्युमिनियम आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै त्यसको उत्पादनमा हाम्रो आत्मनिर्भरतालाई समुन्नत बनाउँदै लेजाने विश्वास गरिएको छ ।

साथै सरकारी राजस्व बचतबाट राष्ट्रिय अर्थतन्त्रमा हुने हितलाई पनि ध्यानमा राखेको छ ।

आर्थिक पक्षसँगै, यस परियोजनाले उत्पादन, ढुवानी र बिक्री लगायतका क्षेत्रमा सयौं प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ । लिट्मसले प्राविधिक ज्ञान अभिवृद्धि गर्ने तालिम तथा दक्षजनशक्ति विकास कार्यक्रम पनि अघि सारेको छ, जसले दीर्घकालीन औद्योगिक विकासमा टेवा पुऱ्याउनेछ ।

नेपालको पहिलो एल्युमिनियम रड उत्पादन




हाल नेपालमा तार, केबल र कन्डक्टर निर्माणमा प्रयोग हुने एल्युमिनियम रड आयात मार्फत पूर्ति हुँदै आएको छ । यस प्लान्टको सञ्चालनले एल्युमिनियम रडको आयात परनिर्भरतालाई उल्लेख्य रुपमा घटाउनुका साथै देशभित्रै उच्च गुणस्तरको एल्युमिनियम रडको नियमित आपूर्ति प्रत्याभूत गर्नेछ । एल्युमिनियम रडको स्वदेशमै उत्पादन गरेर, लिट्मस इन्डस्ट्रिजले नेपालले व्यहोरी रहेको व्यापार घाटा केही मात्रा भएपनि न्यूनीकरण गर्ने उद्देश्यका कम्पनीको सुरुवात हुनु लिटेमस इन्डस्ट्रिज लिमिटेडको लागि मात्रै नभई देशको समग्र उत्पादन क्षेत्रकै लागि एउटा ठूलो कोशेढुङ्गा र रणनैतिक फड्को हो ।

यस परियोजनाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै देशमा आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने अपेक्षा गरिएको छ । कच्चा पदार्थमा स्थानीय रूपमा मूल्य संवर्द्धनगर्दै जाने यो दृष्टिकोण सरकारले लिएको आत्मनिर्भर औद्योगिक विकासको मार्गचित्रसँग पूर्णतः मेल खान्छ ।

# 'विश्वको तापमान वृद्धि रोक्न थप योजना आवश्यक'

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले विश्वको तापमान वृद्धि रोक्न थप योजना बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

जर्मनीको बर्लिनमा जारी 'पिटर्सबर्ग जलवायु संवाद'लाई मङ्गलबार सम्बोधन गर्दै उहाँले ब्राजिलमा यही वर्ष हुने जलवायुसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप-३०)मा त्यस्तो योजना अघि बढाउनुपर्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।



विश्व मौसम सङ्गठनको पछिल्लो प्रतिवेदनले सन् २०२४ सबैभन्दा तातो वर्ष भएको पुष्टि गरेको थियो । मन्त्री शाहीले यसले गर्दा विश्व तापमानलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न थप पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।उहाँले भन्नुभयो, "यो संवाद सबै पक्षलाई एकताबद्ध गर्ने मञ्च हो । जलवायु जोखिममा रहेका हिमाली राष्ट्रहरू र अतिकम विकसित देशहरूका लागि, यस्ता मञ्चहरूले पर्याप्त सहयोग र राजनीतिक गति पाउनुपर्छ ।"

"नेपाल आफ्नो तेस्रो एनडिसी प्रतिवेदन तयार गर्ने अन्तिम चरणमा छ, जुन हामी चाँडै पेस गर्ने योजनामा छौँ । हामी अन्य सबै देशहरूलाई आफ्नो एनडिसी प्रतिवेदन साथ अगाडि आउन आग्रह गर्दछौँ", मन्त्री शाहीले भन्नुभयो, "हामी कोप-३० ले वार्षिक रूपमा ३०० बिलियन अमेरिकी डलर उपलब्ध गराउने विषयलाई वृद्धि गरी १.३ ट्रिलियन पुऱ्याउने अपेक्षा गर्दछौँ, जसले जोखिममा रहेका देशहरूका लागि एनडिसी र न्याप कार्यान्वयन गर्नका लागि अनुदानमा पहुँच र हानि तथा नोक्सानी सम्बोधन गर्न सरल पहुँच हुनुपर्छ ।"

सो अवसरमा मन्त्री शाहीले नेपालले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा आयोजना गर्न लागेको 'सगरमाथा संवाद' बारेमा जानकारी गराउनुभएको थियो । जलवायु जोखिममा रहेका पहाडी राष्ट्रहरू र अतिकम विकसित देशहरूका लागि, न्यायपूर्ण सङ्क्रमण मार्गहरू विकसित अर्थतन्त्रहरूको भन्दा फरक रहेको उल्लेख गर्नुभयो । उहाँले सीमित स्रोत र पूर्वाधारका कारण, जोखिममा रहेका देशहरूले जलवायु जोखिमको असमान अनुपात सामना गर्नुपरेको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो ।

पिटर्सवर्ग संवादमा सहभागी हुन मन्त्री शाही यही चैत १० गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । विगत १४ वर्षदेखि जर्मन सरकारले जलवायु परिवर्तनमा बहुपक्षीय भूमिका र अन्तरराष्ट्रिय सहकार्यको महत्वलाई प्रवर्द्धन गर्न 'पिटर्सवर्ग जलवायु संवाद' आयोजना गर्दै आएको छ ।

उक्त संवादमा विशेष गरी जलवायु परिवर्तनको अन्तरराष्ट्रिय परिप्रेक्ष्य, जलवायु कूटनीति, सबैको सहकार्यबाट पृथ्वीको बढ्दो तापक्रमलाई कसरी नियन्त्रण गर्ने, र जलवायु जोखिममा परेका देशहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयमा छलफल भइरहेको छ ।

जलवायु वार्ताहरूमा विशेष भूमिका रहेका देशहरूलाई आमन्त्रित गरिने यस संवादको १५औँ संस्करणमा पहिलोपटक नेपाल सरकारका तर्फबाट वनमन्त्री शाही सहभागी हुनुभएको हो । कार्यक्रममा मन्त्री शाहीसँगै जर्मनीका लागि नेपाली राजदूत शैल रुपाखेती, जलवायुविज्ञ मञ्जित ढकालगायत सहभागी हुनुहुन्छ ।रासस

# दुई हत्याका घटनामा तीन पक्राउ

भक्तपुर । मध्यपुरथिमि नगरपालिका-९ बोडे निलबाराहीस्थित पिकनिक स्थलनजिक पार्किङस्थलमा यही चैत १० गते एक जनाको हत्या गरेको अभियोगमा बुधबार प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर भक्तपुर र भक्तपुरस्थित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले खोटाङ कोपिलासगढी गाउँपालिका-२ घर भई हाल बोडे बस्ने ६६ वर्षीय ओमप्रकाश राईको हत्या अभियोगमा रोल्पा परिवर्तन गाउँपालिका-६ घरभई हाल बोडे बस्ने ५७ वर्षीय हिमाल बुढा मगरलाई प्रहरीले पक्राउ गरेको हो ।

साँझ सुत्न जाने बेलामा बुढामगरको साथमा रहेको रु १०० राईले खोसर लिएको र फिर्ता माग्दा नदिएपछि आवेशमा आएर राईलाई भुईमा लडाएर ढुङ्गाले पटकपटक हानेर हत्या गरेको बयानको क्रममा खुलेको प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिनुभयो । घटनामा संलग्न रहेका मगरलाई अदालतबाट म्याद थप गरी हिरासतमा राखेर थप अनुसन्धान गर्दै घटनाबारे थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । रासस

# 'समाजलाई असल बाटोमा डो-याउन गुणस्तरीय शिक्षा आवश्यक'

काठमाण्डु । उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहले नेपाली समाजलाई असल बाटोमा डो-याउन गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने बताउनुभएको छ ।

बुधबार नेपाली कांग्रेसको शिक्षा विभागको आयोजनामा शिक्षा नीति बहस अन्तर्गत ' विद्यालय शिक्षा विधेयक र जनप्रतिनिधि सरोकार' विषयक विमर्श कार्यक्रममा बोल्दै उपप्रधानमन्त्री सिंहले नेपालमा शिक्षाको लहर विसं २००७ सालको क्रान्तिपछि आएकाले अब समयाअनुकूल शिक्षा दिन सक्नुपर्ने धारणा राख्नुभयो । हाल शिक्षाको अधिकार स्थानीय तहमा रहेकाले शिक्षा विधेयकलाई थप प्रभावकारी बनाउन सरोकारवालाको सुझाव महत्त्वपुर्ण हुने उहाँकोभ भनाइ छ ।




कार्यक्रममा नगर प्रमुख र उपप्रमुखहरुले शिक्षा विधेयकमाथि स्थानीय तहहरुका धारणा र सुझाव राख्नुभएको थियो । विभागका प्रमुख नैनसिंह महरले स्थानीय तहका प्रमुख, उपप्रमुखले शिक्षा विधेयकमा दिएको सुझाव शिक्षा विधेयकमा समेट्न विमर्श कार्यक्रम आयोजना गरेको जानकारी दिनुभयो ।रासस

# 'नेपाल अन्तरराष्ट्रिय नाट्य महोत्सव' सम्पन्न

काठमाण्डु । यही चैत ६ गतेदेखि काठमाडौँ थापागाउँस्थित मण्डला नाटकघरमा जारी 'नेपाल अन्तरराष्ट्रिय नाट्य महोत्सव (नेटफिस्ट)' सम्पन्न भएको छ ।

एकसाता चलेको महोत्सवको अन्तिम दिन मङ्गलबार साँझ अमजद परवेजले निर्देशन गर्नुभएको मैथिली नाटक 'सामा चाको सामा चाको अहिवा हे' मञ्चन भएको थियो । 'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः रैथाने ज्ञानको उज्यालो' नारासँगै सुरू भएको महोत्सवमा रङ्गमञ्चसँगै कला संस्कृति, चलचित्र, मिडिया, नीति, राजनीतिलगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको महोत्सव निर्देशक दयाहाङ राईले जानकारी दिनुभयो ।



"महोत्सवमा भएका मञ्चन, प्रस्तुति र दर्शकको उत्साहजनक सहभागिताले निरन्तरता दिन ऊर्जा थपेको छ । हामीलाई पुरानो पुस्ताले आफ्नो ज्ञान र अनुभव हस्तान्तरण गर्ने कोसिस गरेका छौँ । नयाँ पुस्तामा देखिएको ऊर्जा हाम्रो पुस्ताका लागि प्रेरणा हो", उहाँले भन्नुभयो ।

विश्वभरका कलाकार र नेपाली कलाकारले एक अर्काको कामबाट सिक्ने अभ्यासका रुपमा सञ्चालन भएको महोत्सवमा विभिन्न देशबाट सयभन्दा बढी कलाकार सहभागी भएका थिए ।

बाह्र देशका १७ नाटक सहभागी भएको महोत्सवमा जापान र नेपालको 'कन्दाता एन्ड शकुन्तला', भारतको 'एबओर्जिनल क्राइ' र 'तमासा', चीनको 'मोचौ मोचौ', ट्र्युनिसियाको 'एसेच', इरानको ' एन्टिगोनी', लिथुवानीया र स्पेनको 'अराइभ्ड', चीनको 'चार्मिङ जिञ्जु ओपेर एपिसोड्स'लगायत मञ्चन भएका थिए ।रासस

# इनफिनिकस ले कनेक्टिभिटीलाई नयाँ उचाइमा पुर्यायो

टुडे समाचारदाता

काठमाण्डु । इनफिनिकस, नेपाली स्मार्टफोन उद्योगको अग्रणी ब्रान्ड, ले आफ्ना पछिल्ला स्मार्टफोनहरूमा भ्वाइस (भेवाइफाई) प्रविधि समावेश गरेको छ । यस नयाँ प्रविधिले नेपाली प्रयोगकर्ताहरूलाई थप सहज र भरपर्दो सञ्चार अनुभव प्रदान गर्न इनफिनिकस को प्रतिबद्धतालाई देखाउँछ ।

भेवाइफाई, वा वाइफाइ कलिङ, प्रयोगकर्तालाई वाइफाइनेटवर्क मार्फत कल गर्न र प्राप्त गर्न सक्षम बनाउँछ। यसले खासगरी मोबाइल नेटवर्क कम कभरेज भएका स्थानहरूमा निर्बाध कनेक्टिभिटी सुनिश्चित गर्छ, जसले दुर्गम क्षेत्रहरू वा कमजोर मोबाइल सिग्नल भएका स्थानहरूमा बस्ने प्रयोगकर्ताहरूको लागि ठूलो फाइदा पुर्याउँछ ।



इनफिनिकस नेपालमा नयाँ प्रविधिहरू समावेश गर्दै प्रयोगकर्ताहरूको स्मार्टफोन अनुभवलाई थप उत्कृष्ट बनाउन प्रतिबद्ध छ ।

यसको उच्च प्रविधि र सेवाहरूले नेपाली स्मार्टफोन बजारमा यसको अग्रणी स्थानलाई अझ मजबुत बनाएको छ। अधिक जानकारीको लागि इनफिनिकस को आधिकारिक वेबसाइट भ्रमण गर्नुहोस् ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
वृष : पढाई लेखाईमा प्रगति हुनेछ ।
मिथुन : आस मारेको काम बन्नाले उत्साह जाग्नेछ ।
कर्कट : घरेलु काममा रुची बढनेछ । धार्मिक र सामाजिक काममा व्यस्त रहनुपर्नेछ ।
सिंह : मेहनत गर्दा लक्ष्य हासिल हुने सम्भावना देखिन्छ ।
कन्या : दाम्पत्य जीवनमा खुसियाली छाउनेछ ।
तुला : साथीभाईसंग रमाइलो भेटघाट हुनेछ ।
वृश्चिक : परोपकारी काममा रुची बढ्नेछ ।
धनु : सामाजिक उत्तरदायित्व वहन गर्दै विदेश जाने मौका मिल्नेछ । नयाँ काम र जिम्मेवारी हात पार्ने मौका छ।
मकर : शैक्षिक क्षेत्रमा गरेको लगानीबाट राम्रो प्रतिफल मिल्नेछ ।
कुम्भः स्वास्थ्यमा केहि समस्या आउने देखिन्छ ।
मीन : टाढाको यात्राको सम्भावना देखिन्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा बरूण सरोवरको पूर्वी डीलमा अवस्थित खानेपानीको ट्याङ्की । यहाँबाट नगरभित्रका १० हजार बढी जनसंख्यालाई दैनिक रुपमा खानेपानी वितरण हुँदै आएको छ । *तस्बिर : रासस*

# भारत, बङ्गलादेश र भुटानका आँखाका बिरामी उपचार गर्न नेपालमा

काठमाण्डु । भारत, बङ्गलादेश, भुटानलगायत देशका नागरिक आँखा उपचारका लागि नेपाल आउने गरेका छन् ।नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित २८ आँखा अस्पताल, दुई सय २४ आँखा उपचार केन्द्रमा विदेशी बिरामी उपचारार्थ आएका हुन् ।

सन् २०२४ मा सङ्घको सञ्जालमार्फत नौ लाख सात हजार ७१ जना विदेशी नागरिकको आँखा परीक्षण तथा एक लाख ६२ हजार आठ सय ४५ जनाको शल्यक्रिया गरिएको सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले बताउनुभयो ।



सञ्जालमार्फत सन् २०२४ मा ३२ लाख ६८ हजार ३४ जना आँखाका बिरामीको आँखा परीक्षण गरी दुई लाख ५८ हजार पाँच सय ७५ जनाको शल्यक्रिया गरिएको छ । सङ्घका अस्पताल तथा विभिन्न बाह्य कार्यक्रममार्फत ३४ हजार चार सय २५ जना आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ । सङ्घद्वारा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदार संस्थाको सहयोग तथा अस्पतालको आन्तरिक स्रोतबाट निःशुल्क शल्यक्रिया गरिएको हो । सङ्घले आफ्ना सञ्जालमार्फत नेपाली तथा अन्य देशका नागरिक गरी हालसम्म चार करोड ६८ लाख ६८ हजार ६० जनाको उपचार गरेको छभने ५३ लाख ९२ हजार दुई सय २४ जनाको आँखाको शल्यक्रिया गरेको जानकारी कार्यकारी निर्देशक मिश्रले दिनुभयो ।रासस

# प्रधानमन्त्री ओलीको थाइल्याण्ड भ्रमण चैत १९ गतेदेखि

काठमाण्डु । आगामी साता नेपालका प्रधानमन्त्रीको औपचारिक रुपमा पहिलोपटक थाइल्याण्ड भ्रमण हुँदैछ। प्रधानमन्त्री केपी शर्मा ओलीले यही चैत १९ गतेदेखि पहिलो पटक थाइल्याण्डको औपचारिक भ्रमण गर्नुहुने भएको छ । थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को छैटौँ शिखर सम्मेलनमा सहभागी हुन उहाँ त्यसतर्फ जाने कार्यक्रम तय भएको हो ।

यही चैत २२ गते बैंककमा बिमस्टेकको छैटौँ शिखर सम्मेलन सुरु हुँदैछ । प्रधानमन्त्री ओलीबाट थाइल्याण्डका समकक्षी फेथोङथान सिनावात (पैटोङ्टार्न शिनावात्रा) को मैत्रीपूर्ण निमन्त्रणामा थाइल्याण्डको औपचारिक भ्रमण हुन लागेको हो । शताब्दीयौँ पुरानो सभ्यता र सांस्कृतिक सम्बन्ध रहे पनि नेपालका सरकार प्रमुखबाट अहिलेसम्म दक्षिण पूर्वी एसियाली मुलुक थाइल्याण्डको औपचारिक भ्रमण भएको थिएन । सन् १९८३ मा थाइल्याण्डका तत्कालीन प्रधानमन्त्री प्रेम तिनसुलानोन्डाले नेपाल भ्रमण गर्नुभएको थियो ।

यही चैत १९ गतेदेखि २३ गतेसम्म थाइल्याण्डको औपचारिक भ्रमण तथा बिस्टेकको छैटौँ शिखर सम्मेलनमा सहभागी हुने प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमणलाई नेपाल सरकार, मन्त्रिपरिषद्को यही चैत ११ गतेको बैठकले स्वीकृत गरिसकेको छ । मन्त्रिपरिषद्को निर्णय अगावै परराष्ट्र मन्त्रालय र सम्बन्धित निकायले भ्रमणको तयारीका कामहरु प्रारम्भ गरेको थियो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता एवं सहसचिव कृष्णप्रसाद ढकालले नेपाल र थाइल्याण्डबीच सांस्कृतिक गतिविधि तथा आर्थिक सम्बन्ध थप प्रगाढ बढाउन यस



भ्रमणले योगदान गर्ने अपेक्षा गरिएको बताउनुभयो । उहाँले बुद्ध धर्मलगायत अन्य सांस्कृतिक र व्यपारिक सम्बन्धले दुई देशबीच लामो समयदेखि मैत्रीपूर्ण सम्बन्ध रहेको उल्लेख गर्नुभयो ।

मन्त्रिपरिषद्को बैठकले नेपाल र थाइल्याण्डबीच हस्ताक्षर हुने 'कल्चरल एग्रिमेन्ट विटविन द गभर्मेन्ट अफ नेपाल एन्ड द गभर्मेन्ट अफ किङ्डम अफ थाइल्यान्ड' विषयको सम्झौता स्वीकृत गरेको छ।

यस्तै नेपाल सरकार र थाइल्याण्ड सरकारबीच हस्ताक्षर हुने पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी 'मेमोरेन्डम अफ अन्डस्ट्यान्डीङ (एमओयु) विटविन द मिनिस्ट्री अफ कल्चर, टुरिजम एन्ड सिभिल एभिएसन अफ द गभर्मेन्ट अफ नेपाल एन्ड द मिनिस्ट्री अफ टुरिज्म एन्ड स्पोर्टस् अफ द किङ्डम अफ थाइल्यान्ड अन टुरिज्म कोपरेसन' विषयक समझदारीपत्र स्वीकृत भएको छ।

प्रधानमन्त्री ओलीको औपचारिक भ्रमणको पूर्वसन्ध्यामा नेपालका लागि थाइल्याण्डका राजदूत सुवापोङ सिरिसोर्नले मङ्गलबार उहाँसँग शिष्टाचार भेट गर्नुभएको थियो ।

सन् १९५९ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै नेपाल र थाइल्याण्डबीचको सम्बन्ध सधैँ सौहार्दपूर्ण र मैत्रीपूर्ण रहँदै आएको छ । दुई मुलुकबीचको संस्कृति र जनता-जनताको सम्पर्क दुई वर्ष वर्षभन्दा बढी पुरानो मानिन्छ । नेपाल र थाइल्याण्ड बौद्ध धर्मको दर्शनद्वारा नजिकबाट जोडिएका छन् । राजा जनक दुई मुलुकको संस्कृतिको एक पुल मानिन्छन् ।

नेपाल र थाइल्याण्डले संस्कृति, पर्यटन, व्यापार, लगानी, कृषि, मानव संसाधन विकासलगायत साझा हितका विभिन्न क्षेत्रमा निरन्तर विस्तार भइरहेको सहयोगका साथ बहुआयामिक सम्बन्धका क्षेत्रमा काम गर्दै आएका छन् ।उच्चस्तरीय भ्रमणको आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई सही दिशामा आकार दिन र मार्गदर्शन गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । दुई देशबीच फराकिलो र गहिरो सहयोगका लागि प्रचुर सम्भावना रहेका छन् ।

क्षेत्रीय शान्ति, प्रगति र समृद्धिका लागि बिमस्टेक प्रक्रियालाई बढावा दिने नेपालको प्रतिबद्धता व्यक्त हुँदै आएको सन्दर्भमा बिमस्टेकको सफलता यस क्षेत्र र बाहिरका सबै सदस्य राष्ट्रको हितमा हुने ठानिएको छ । छैटौँ शिखर सम्मेलनको आयोज राष्ट्र हुनुका नाताले बिमस्टेक प्रक्रियालाई सफलतापूर्वक सञ्चालन गर्न थाइल्याण्डको नेतृत्वदायी भूमिका रहनेछ भने बिमस्टेक शिखर सम्मेलनको आयोजक राष्ट्रमा नेपालका प्रधानमन्त्रीको पहिलो औपचारिक भ्रमण हुनु कूटनीतिक महत्वको विषय रहनेछ ।रासस

# सञ्चारमन्त्रीसँग जापानी राजदूतको शिष्टाचार भेट

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङसँग नेपालका लागि जापानका राजदूत तोरु मायदाले शिष्टाचार भेट गर्नुभएको छ।

नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले मन्त्रालयस्थित आफ्नै कार्यकक्षमा नवनियुक्त राजदूत मायदालाई स्वागत गर्दै नेपालको विकासका प्राथमिकताका क्षेत्रमा जापानी लगानी आकर्षित गर्ने ठूलो सम्भावना रहेको उल्लेख गर्दै जापानका लगानीकर्तालाई नेपालमा लगानी गर्न थप प्रोत्साहन गर्न अनुरोध गर्नुभयो ।

जापानको ओसाकामा नेपाल-२०२५ वर्ल्ड एक्सपो हुन लागेकामा खुसी व्यक्त गर्दै मन्त्री गुरुङले यसले नेपाली उत्पादन प्रदर्शन गर्ने पर्याप्त अवसर सिर्जना गर्नुका साथै द्विपक्षीय व्यापार अभिवृद्धिमा योगदान पुऱ्याउने आधार सिर्जना हुने बताउनुभयो । आगामी वर्ष सन् २०२६ मा कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सव रहेको र त्यही वर्ष नेपाल अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुँदैछ भन्ने उहाँले राजदूत मायदालाई जानकारी दिनुभयो । यसमा, नेपालले जापानबाट थप विकास सहायता प्राप्त गर्ने मन्त्री गुरुङले विश्वास व्यक्त गर्नुभयो ।

जापानका तत्कालीन विदेशमन्त्री कामीकावा योकोले गत वर्ष मे महिनामा गर्नुभएको नेपाल भ्रमण, सन् २०२२ नोभेम्बरमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन अवलोकन गर्न जापानका विदेश राज्यमन्त्री ताकेइ शुनसुकेसहितको टोलीले गरेको नेपाल भ्रमणको स्मरण गराउँदै मन्त्री गुरुङले यस प्रकारको अवलोकन तथा भ्रमणबाट नेपालको लोकतन्त्र मजबुत बनाउन र निर्वाचन निष्पक्ष बनाउन सहयोग पुगेको उहाँले उल्लेख गर्नुभयो । समय-समयमा हुने द्विपक्षीय भ्रमण नेपाल र जापानबीचको सौहार्दपूर्ण सम्बन्धमा कोसेढुङ्गाको रुपमा रहिरहने मन्त्री गुरुङले बताउनुभयो ।

नेपालमा जापानले गरेको आर्थिक, सामाजिक, विकासका सहयोगको चर्चा गर्दै मन्त्री गुरुङले भविष्यमा थप एक अर्काको सहकार्य प्रगाढ बनाउने धारणा राख्नुभयो । नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जापान



लामो समयदेखि एक महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रुपमा रहेको छ । जापानले नेपाललाई द्विपक्षीय अनुदान, द्विपक्षीय ऋण, बहुपक्षीय सहायता र प्राविधिक सहयोग गर्दै आएको छ ।

नेपालसँग जापानी आर्थिक सहयोगका प्रमुख क्षेत्रहरुमा भौतिक पूर्वाधार विकास, मानव संशाधन विकास, स्वास्थ्य, कृषि विकास, वातावरण संरक्षण, संस्कृति आदि पर्दछन् । नेपालले पूर्वाधार विकास, औद्योगिक विकास, कृषि, जलविद्युत्लगायत क्षेत्रमा जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहेको मन्त्री गुरुङले उल्लेख गर्नुभयो ।

जापानमा नेपाली समुदायको उल्लेख्य उपस्थित हुनु नै द्विपक्षीय सम्बन्धको उल्लेखनीय पक्ष रहेको उहाँको भनाइ थियो । मन्त्री गुरुङले नवनियुक्त राजदूत मायदाको सफल कार्यकालको शुभकाना दिँदै आगामी दिनमा दुई मुलुकबीच आर्थिक सहयोग र सहकार्यका विषय एवं द्विपक्षीय व्यापार तथा लगानीका विषयलाई उच्च प्राथमिकता दिनुहुने छ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

> मानव संशाधन विकासमा जापानले सन् २०१६ देखि जापान विकास छात्रवृत्ति (जेडिएस) योजनाअन्तर्गत विभिन्न क्षेत्रमा नेपालका सरकारी अधिकारीलाई वार्षिक छात्रवृत्ति प्रदान गर्दै आएको छ । जापान कोलम्बो योजनामा सामेल भएकाले जापान सरकारले नेपाली विद्यार्थीलाई प्राविधिक तालिम दिन थालेको छ । यस्तो सहयोगका लागि जापान सरकारप्रति मन्त्री गुरुङले आभार प्रकट गर्नुभयो ।

मानव संशाधन विकासमा जापानले सन् २०१६ देखि जापान विकास छात्रवृत्ति (जेडिएस) योजनाअन्तर्गत विभिन्न क्षेत्रमा नेपालका सरकारी अधिकारीलाई वार्षिक छात्रवृत्ति प्रदान गर्दै आएको छ । जापान कोलम्बो योजनामा सामेल भएकाले जापान सरकारले नेपाली विद्यार्थीलाई प्राविधिक तालिम दिन थालेको छ । यस्तो सहयोगका लागि जापान सरकारप्रति मन्त्री गुरुङले आभार प्रकट गर्नुभयो ।

सन् १९५६ मा नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता दुई देशबीचको सम्बन्ध अझै घनिष्ट एवं मैत्रीपूर्णरुपमा अगाडि बढिरहेको उल्लेख गर्दै मन्त्री गुरुङले दुई देशको औपचारिक कूटनीतिक सम्बन्धको प्रारम्भ हुनुअघि जनस्तरमा द्विपक्षीय सम्बन्ध पनि उत्तिकै बलियो भएकामा खुसी व्यक्त गर्नुभयो ।

जापानले भूकम्पलगायत प्राकृतिक विपत्तिमा जापानी जनता र सरकार, गैरसरकारी संस्था, विश्वविद्यालयबाट प्राप्त सहयोगप्रति अभार व्यक्त गर्नुका साथै उहाँले नेपालले सदैव जापानसँगको आपसी हित र सहयोगलाई उच्च महत्व दिई आएको बताउनुभयो । जापानले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा स्वतन्त्रताको लागि व्यक्त गर्ने गरेको निःशर्त सम्मानप्रति नेपालले खुला हृदयले प्रशंसा गर्दै आएको मन्त्री गुरुङले बताउनुभयो ।

सो अवसरमा राजदूत मायदाले नेपाल र नेपाली जनताप्रति जापानको अत्यन्त मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको उल्लेख गर्नुभयो । उहाँले नेपाललाई सहयोग गर्न सधैँ तत्पर रहेको उल्लेख गर्दै दुवै देशलाई हित हुने सहयोग साझा गर्नुपर्ने धारणा राख्नुभयो । राजदूत मायदाका अनुसार जापानमा हाल करिब दुई लाख नेपाली अध्ययन, रोजगारी र व्यवसायमा आबद्ध छन् ।

"नेपालीहरु पछिल्लो समय रेष्टुराँ सञ्चालन गर्ने गरेको पाइएको । यो राम्रो हो", राजदूत मायदाले भन्नुभयो । मन्त्री गुरुङसमक्ष कूटनीतिक भावना आदान प्रदान गर्ने क्रममा उहाँले नेपाली परिकार दाल भात र तरकारी अत्यन्त मिठो लाग्ने तथा जापानमा जाँदा नेपालीले खोलेको रेष्टुराँमा दालभात तरकारी खाने गरेको समेत अनुभव सुनाउनुभयो ।

त्यस्तै, मुस्ताङ घुम्न जाने आफ्नो इच्छा रहेको उल्लेख गर्दै राजदूत मायदाले नेपाल प्राकृतिक र सांस्कृतिक दृष्टिले सम्पन्न रहेको बताउनुभयो ।मन्त्री गुरुङले लमजुङ जिल्लाको सौन्दर्य र त्यहाँ घुमफिर गर्ने महत्वपूर्ण पर्यटकस्थलबारे राजदूत मायदालाई जानकारी दिनुभयो । सो अवसरमा सञ्चार मन्त्रालयका सचिव राधिका अर्याल, सहसचिव कोषहरि निरौला, सूचनाप्रविधि विज्ञ डा शालिग्राम पराजुली, परराष्ट्र मन्त्रालयका अधिकारीलगायतको उपस्थिति थियो । रासस

# आठ महिनामा ५६ अर्ब बराबरको खानेतेल निर्यात

काठमाण्डु । नेपालले पछिल्लो आठ महिनामा करिब ५६ अर्ब बराबरको खानेतेल निर्यात गरेको छ । विदेशबाट कच्चा पदार्थ आयात गर्ने र नेपालमा प्रशोधन गरी मूल्य अभिवृद्धि गरेर खानेतेल बेच्दा निर्यात उल्लेख्य रुपमा बढेको हो ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष आयात ११ दशमलव २० र निर्यात ५७ दशमलव २० प्रतिशतले बढेको छ । अर्थात् गतवर्षको तुलनामा यसवर्ष नेपालको निर्यातमा खानेतेलको निकै ठूलो हिस्सा देखिएको छ ।

पछिल्लो आठ महिनामा रू एक खर्ब ५८ अर्बको निर्यात गर्दा नेपालले रू ४७ अर्ब ९४ करोड ६६ लाख बराबरको भटमास (सोयाबिन) तेल मात्रै निर्यात गरेको छ । त्यस्तै, रू सात अर्ब ९८ करोड २३ लाख बराबरको सूर्यमुखी तेल, रू पाँच अर्ब ८३ करोड ७३ लाखको अलैंची, रू चार अर्ब ३२ करोड ३९ लाखको कार्पेट निर्यात भएको छ।

विभागका अनुसार चालु आवको दोस्रो चौमासिक अवधिसम्म मुलुकले कुल रू १३




खर्ब तीन अर्ब ७३ करोड ८६ लाख बराबरको वैदेशिक व्यापार गर्दा रू नौ खर्ब ८७ अर्ब ३९ करोड ३८ लाखको घाटा बेहोरेको छ । पछिल्लो आठ महिनामा रू ११ खर्ब ४५ अर्ब ५६ करोड ६२ लाख बराबरको वस्तु आयात भएको छ भने रू एक खर्ब ५८ अर्ब १७ करोड २४ लाख बराबरको निर्यात भएको छ।

छिमेकी मुलुक भारतसँग मात्र नेपालले आठ महिनामा रू पाँच खर्ब ६३ अर्ब ६७ करोडको व्यापार घाटा बेहोरेको छ । गत साउनदेखि फागुनसम्म भारतबाट रू छ खर्ब ८८ अर्ब ६८ करोडको आयात हुँदा रू एक खर्ब २५ अर्ब बराबरको निर्यात भएको छ। चीनसँग रू दुई खर्ब १९ अर्ब १८ करोडको आयात र रू दुई अर्ब १२ करोडको निर्यात हुँदा रू २१ अर्ब ७० करोडको व्यापार घाटा बेहोरेको छ। साथै अर्जेन्टिना, युक्रेन, युनाईटेड अरब ईमिरेट्स, अस्ट्रेलियालगायतका मुलुकहरुसँग नेपालको व्यापारघाटा उच्च छ । उक्त अवधिमा ३४ वटा मुलुकसँगको व्यापारमा नेपाल नाफामा छ। अफगानिस्तान, डेनमार्क, रसिया, अस्ट्रिया, माल्दिभ्सलगायतका मुलुकसँगको वैदेशिक व्यापारमा नेपाललाई नाफा छ ।

सो अवधिमा पेट्रोलियम पदार्थको आयात उच्च छ । पछिल्ला आठ महिनामा नेपालले रू ७८ अर्ब ८६ करोड ३७ लाखको डिजेल, रू ४२ अर्ब ८० करोड १७ लाखको पेट्रोल र रू ४१ अर्ब बराबरको एलपी ग्यास आयात गरेका छ । त्यस्तै, रू नौ अर्ब ६९ करोड २२ लाख बराबरको विद्युतीय सवारीसाधन र रू दुई अर्ब ११ करोड बराबरको अन्य सवारीसाधन आयात भएको छ। यो अवधिमा रू २१ अर्ब ९१ करोड ८३ लाख बराबरको १४ लाख सात हजार ७८ वटा स्मार्टफोन आयात भएको पनि विभागको तथ्याङ्क छ ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संसद छल्नु अलोकतान्त्रिक

देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको विरुद्ध सक्रिय भएका राजावादीहरुको प्रभावलाई निष्क्रिय बनाउन दलहरु एकजुट हुनुपर्ने अवस्था छ । तर लोकतान्त्रिक पद्धतिलाई नै मानमर्दन गरी भ्रष्टाचारलाई मलजल गर्नेहरुले आफ्नो प्रवृत्तिमा सुधार ल्याएको छैन । मधेश प्रदेशमा भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले मन्त्रालय र कार्यालयहरुलाई आफ्नो निजी सचिवालयमा सीमित गरी चरम भ्रष्टाचार गरिरहेको आरोप प्रदेश सभामा लागेको छ । प्रदेश सभामा विपक्षी दलहरुले सरकार सहित पूर्वाधार विकास मन्त्रालयको आर्थिक अनियमितताको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्न माग गरेका छन् । उच्चस्तरीय छानबिन समिति गठन गरी विकास सम्वद्ध योजनाहरुको अग्रीम रकम लिइ बिक्री गरिएको प्रकरणको छानबिन गर्न समिति बनाउन विपक्षीहरुले अडान नछाडेपछि सभामुख रामचन्द्र मण्डलले सरकारको दबाब र प्रभावमा परी संसद बैठक नै अनिश्चितकालका लागि स्थगन गरेका छन् । संसद स्थगन गरी विपक्षीहरुको आवाजलाई दबाउने र भ्रष्टाचार सम्बन्धी कार्यलाई प्रोत्साहित गर्ने कार्य गैरलोकतान्त्रिक हो । लोकतान्त्रिक पद्धतिप्रति आस्था भएकाहरुले विपक्षीहरुलाई संसदमा उच्च सम्मानका साथ छलफल र संवाद गर्छन् । लोकतन्त्रमा सत्ता सरकारको र संसद विपक्षको रहने मान्यता छ । संसदलाई छलेर जनविरोधी कार्य गर्ने सरकारको कारण संघीय लोकतान्त्रिक गणतन्त्र धराशायी हुने निश्चित छ । जनविरोधी कार्य गरेर रजाइँ गर्ने छुट जनताले कसैलाई दिएको छैन । छोटो समयमै राजतन्त्रप्रति सहानुभूति देखिनु संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधरहरुको असफलता र जनविरोधी कार्यको परिणाम हो । जनताबाट राजा फालिएको होइन । आन्दोलनको बलमा गठन भएको जनप्रतिनिधि सभाबाट राजालाई हटाइएको यथार्थ हो । राजाको क्रियाकलापबाट देशवासी अत्यन्त पीडा महसुस गरेको बेला दलका नेताहरुले उनलाई हटाउन गरेको निर्णय सहज ढंगले कार्यान्वयन भएको देखिन्छ । अहिले स्थिति फेरिएको छ । राजालाई हटाउने दलका नेताहरुको कारण विस्थापित राजाप्रति सहानुभूति बढ्न थालेको छ । त्यसको मुख्यकारण देशमा बढ्दो भ्रष्टाचार, कुशासन हो । आमनागरिकलाई देशमा रोजगारको अवसर छैन । विदेशबाट आउने रेमिट्यान्समा समेत भ्रष्टाचार भइरहेकाले गरिब झन्झन् गरिब र अमिर झन्झन् अमिर बनिरहेका छन् । नेताहरुका परिजनले नै सरकारी पद पाउने र अनियमितता गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । संघीयतालाई संस्थागत गर्ने र त्यसको पूर्ण रुपमा अभ्यास गर्ने मधेश प्रदेश नै हो । तर मधेश प्रदेशमै पछिल्लो समय सर्वाधिक भ्रष्टाचार भइरहेको छ । मधेश प्रदेशका नागरिकमा सरकारप्रति वितृष्णा बढाउन थालेको छ । प्रदेश सभाले सरकारलाई सही मार्गमा राख्ने थलो हो । तर सत्तासीन दलहरुसित सभामुख मिलेर सदनलाई स्थगन गर्नु जनतामा आक्रोश बढाउने हो । यसले संघीय लोकतान्त्रिक गणतन्त्र विरोधीहरुलाई बल पुर्‍याउनेछ ।

# अधिनायकवादको समाजशास्त्र- कोही किन ल्याउन चाहन्छ राजा?



सञ्जीव पोखरेल

ज्ञानेन्द्र शाहको फेरि राजा हुने अभियानलाई मैले गम्भीरतापूर्वक लिएको छैन। कुनै दिन उनी राजा भएछन् भने 'बधाइ छ, ज्ञानेन्द्र जी' भनौंला।

यो लेखमा उनलाई सिंहासनमा फर्काउन चलिरहेको आन्दोलनको कारण र यसको लोकप्रियताको कुरा गरौं।लेखको पहिलो अंशमा राजा फर्काउने अभियानले पाइरहेको 'स्पेस' का विषयमा चर्चा गर्नेछु। दोस्रो अंशमा राजनीतिक दलको अकर्मण्यता र यसमा उनीहरूको जिम्मेवारीलाई केलाउनेछु।

तानाशाहहरू उदाउँछन् र अस्ताउँछन्। तर शक्तिमा रहँदा जतिसुकै क्रुर भए पनि तानाशाही ढलेपछि उनीहरूका प्रशंसक निमिट्यान्न हुँदैनन्। युगान्डाका इदि अमिन, हेटीका 'बेबी डक' जाँ-क्लड डुभेलर, लिबियाका कनल गदाफी, इजिप्टका होस्नी मुबारक, जिम्बाब्वेका मुगाबेलाई अहिलेसम्म श्रद्धापूर्वक सम्झिने मानिस ती देशमा छन्। उस्तै अर्का जब्बर तानाशाह फर्दिनन्द मार्कोसप्रतिको मोहका कारण त्यहाँका जनताले उनका छोरालाई देश चलाउन योग्य ठाने र बोङ्बोङ् मार्कोस अहिले फिलिपिन्सका राष्ट्रपति छन्।

सत्तामा हुँदा बिल्कुल नरूचाइएका यस्ता तानाशाहलाई सत्ताबाट हटेपछि मानिसहरू किन श्रद्धापूर्वक सम्झिन्छन्? उनीहरूप्रतिको सम्मान बिस्तारै किन बढ्छ?यी प्रश्नका जबाफ सरल अवश्य छैनन्। यसका लागि मनोविज्ञान र समाजशास्त्र दुवै खाले दृष्टिकोणहरूलाई केलाउनुपर्ने हुन्छ।

दासताप्रतिको आशक्ति मानव मस्तिष्कको प्राकृतिक, जैविक चरित्र पनि हुन सक्छ। कसैको चरणमा आफूलाई समर्पण गर्नमा, कसैको पैतालामुनि दबिनमा, कसैलाई आफूभन्दा महान र विशिष्ट भन्न पाउनुमा, कसैलाई निरपेक्ष ठान्नुमा एकप्रकारको आनन्दको अनुभूति जोडिएको हुन सक्छ। साहित्य र इतिहासका केही घटनाले मानिसमा गढेर रहेको दास प्रवृत्तिलाई उजागर गरेका छन्।

तानाशाहीको एक प्रमुख अस्त्र नियन्त्रण हो। मानिसले नियन्त्रणमा सुरक्षा देख्छ। नियन्त्रणको बलमा तानाशाहीले आम मानिसलाई झुटमुटको भए पनि स्थिरता, अनुशासन र राष्ट्रप्रेमको अनुभूति दिएको हुन्छ। सत्ता र शक्तिबाट धपाइएका नेपालका ज्ञानेन्द्र शाहदेखि आजको दिनसम्म सत्ताको आनन्द लिइरहेका इथियोपियाका सेलासेसम्म, सबै निरंकुशतावादीले आफू देशको एक मात्र रक्षक भएको, अनुशासन नै सर्वोपरी भएको र आफू सत्तामा रहँदा सबै कुरा अपेक्षाकृत ढंग चल्ने भ्रम निर्माण गरेका हुन्छन्।

तानाशाही ढलेसँगै जब उनीहरूले निर्माण गरेका यस्ता 'न्यारेटिभ' हरू एकाएक हराउँछन्, तब मानिसहरूले एक प्रकारको अभाव महसुस गर्छन्। उनीहरू ठान्छन् अस्थिरता, अनुशासनहीनता र देशप्रतिको बेइमानी बढ्यो। यथार्थ जे सुकै होस्, मानिसहरूले असुरक्षा र अस्थिरता महसुस गर्छन्। र, केही समयको अन्तरालपछि आफैले सत्ताबाट लखटेका क्रुर र मूर्ख तानाशाहप्रति नरम हुन थाल्छन्।

तानाशाहीको अन्त्यपछि देश चलाउनेहरूले नैतिक र बौद्धिक क्षमता गुमाएपछि त झन् तानाशाहहरूप्रतिको मोह तीव्र गतिमा उकालो लाग्न थाल्छ। मलाई लाग्छ नेपालमा अहिले यही भइरहेको छ। यसको विस्तृत चर्चा तल गर्नेछु। अहिलेलाई अधिनायकवादको समाजशास्त्र हेरौं।

अधिनायकवादको समाजशास्त्र बुझ्न गाह्रो छैन, र हरेक देश वा समाजमा यसको प्रकृति लगभग उस्तै हुन्छ।नेपालको राजतन्त्र केबल एउटा व्यक्तिको सिंहासन मात्र थिएन। यसले नेपालको एक निश्चित सामाजिक-राजनीतिक संरचना र त्यससँग जोडिएका विभिन्न मूल्यमान्यतालाई संरक्षण दिएको थियो। यसको बदलामा ज्ञानेन्द्रको सिंहासनको संरक्षण पनि त्यही सामाजिक संरचना र मूल्यमान्यताले गरेका थिए।

नेपालको राजतन्त्रको केन्द्रमा केन्द्रीकृत राजनीतिक संरचना थियो, जसले विकेन्द्रीकरण र स्थानीय स्वायत्ततालाई कहिलै महत्त्व दिँदैन थियो। राजतन्त्रको अर्को टेको धार्मिक राष्ट्रवाद थियो जसले एउटा निश्चित धार्मिक समूहको प्रतिष्ठा र स्वार्थलाई राज्यको चरित्र बनाइदिएको थियो। राजतन्त्रले 'मेरिटोक्रेसी' (यथार्थमा क्लेप्टोक्रेसी) लाई शासनको आधार बनाएको थियो जसले राज्य सञ्चालनका प्रक्रियामा आम मानिसको सहभागितालाई खुम्च्याइदिएको थियो। राजतन्त्र विविधताको कुरा गर्थ्यो र अल्पसंख्यकलाई आलंकारिक पद र अवसर बाँड्थ्यो। यथार्थमा भने निश्चित जात, धर्म, क्षेत्र, वर्ग र लैंगिकतालाई अवसर र अधिकार सुम्पिनमा माहिर थियो।

त्यसैले, राजामोहको समाजशास्त्र बुझ्न राजतन्त्रको अवसानपछि कसले के पाए र कसले के गुमाए भन्ने बुझ्न आवश्यक छ। सडकमा देखिएको समूह त्यही हो जसले राजतन्त्रले संरक्षण गरेको राजनीतिक संरचना र मूल्यमान्यता भत्केपछि असुरक्षा महसुस गरिरहेको छ।बढ्दो राजा मोहको अर्को समाजशास्त्रीय व्याख्यामा सामाजिक सञ्जालको प्रयोग र पहुँचलाई पनि छुटाउन मिल्दैन। सूचना र सञ्चारका क्षेत्रमा तीव्र विकास भएपछि मानिसहरूको सोच उन्नत हुँदै जान्छ भन्ने मान्यता संसारभर गलत प्रमाणित भएको हामी आफ्नै आँखाले देखिरहेका छौं। सामाजिक सञ्जालले दिने 'डोपामिन' को तीखो 'किक' वा क्षणिक रमाइलो विनाश वा अधोगतिको कारण बन्दैछ। नेपालका सन्दर्भमा पनि टिकटक, इन्स्टाग्राम वा युट्युबहरू गलत सूचना प्रवाह गर्न र मानिसहरूमा भ्रम फैलाउन प्रशस्त प्रयोग भएका छन्। सही र गलत सूचना छुट्ट्याउन नसक्ने ठूलो जनसंख्या राजावादीहरूले चलाएको भ्रम विस्तार अभियानको सिकार भइरहेको छ।

झट्ट हेर्दा सामाजिक सञ्जालको प्रयोग समावेशीजस्तो देखिए पनि वास्तवमा यो स्रोत र शक्ति सम्पन्नहरूले उपयोग गर्ने विषाक्त औजार बन्दै गएको छ।

तर के अहिलेको सडक आन्दोलन खारिएका राजावादीहरूको छटपटाहट मात्र हो त? के यसलाई नियोजित सामाजिक सञ्जाल 'क्याम्पेन' मात्र मान्न सकिएला ?मलाई त्यस्तो लाग्दैन।

राजा फर्काउने अभियानमा आम मानिसको पनि साथ र सहयोग हुन सक्छ। सानो संख्यामा भए पनि त्यस्ता मानिसहरू पनि राजावादी आन्दोलनमा मिसिएका हुन सक्छन् जो दोस्रो जनआन्दोलनमा ज्ञानेन्द्र शाहको तानाशाहीका विरूद्ध सडक आन्दोलमा सामेल थिए।

> नेपालका राजनीतिक दलहरूले राजावादीको आन्दोलनलाई केही नयाँ, पुराना शब्दवाण प्रयोग गरेर आफ्नो औचित्य प्रमाणित गर्ने प्रयासलाई निरन्तरता दिन सक्छन्। तर यो वास्तविक समाधान होइन। राजवादीको आन्दोलनको एउटा मात्र सही जबाफ राजनीतिक पार्टी र राजनीति गर्ने तौरतरिकामा सुधार हो।

यी र यस्ता मानिसहरूले किन आज राजावादीहरूलाई साथ दिइरहेका छन् त?

यसको पहिलो जबाफ हो – ज्ञानेन्द्रको विकल्पमा देश चलाउनेहरूले आम मानिसको विश्वास जित्न सकेनन्। उनीहरूसँग सम्मानजनक ढंगले संवाद गर्न सकेनन्। आफ्ना योजना र सीमितताका बारेमा इमानदार भएर प्रस्तुत हुन सकेनन्। आफ्नो पद र जनताले दिएको जिम्मेवारीको सम्मान गर्न सकेनन्। उदाहरणका लागि अहिलेका प्रधानमन्त्रीलाई हेरौं।

यो वर्षको बर्खामा बाढी पहिरोले निम्त्याएको विनाशबाट समग्र देश आहत भएका बेला विदेश भ्रमण बाट फर्किँदै गर्दा अन्तर्राष्ट्रिय विमानस्थलमा उनले आलोचकहरूलाई लक्षित गर्दै झपारे, 'म भैंसी चराउन अमेरिका गएको हो?'

केही दिनअघि रोजगारीका अवसरको अभावका विषयमा टिप्पणी गर्दै उनले भने, 'रोजगारी रूखमा फल्दैन, जागिर मात्र रोजगारी होइन, उद्यमशीलता बढाएर आफ्नो रोजगारी आफै प्रबन्ध गर्नुहोस्।' आफ्नो पदको गरिमा चटक्कै बिर्सेर आम मानिसका वास्तविक चासोका विषयमा यति तल्लो स्तरको टिप्पणी गर्ने राजनीतिक नेतृत्वलाई ज्ञानेन्द्रको उत्तम विकल्प मान्न आम मानिसलाई सजिलो छैन।यो त भयो अहिले राजनीतिक दलका मानिसहरूले आफ्नो जिम्मेवारी र पदको गरिमाको सम्मान गर्न नसकेको उदाहरण। तर अहिलेको नेपालको परिस्थिति यो भन्दा विषद र गम्भीर छ जसले राजा फर्काउन चलिरहेको 'टिकटके' र केही हदसम्म सडक आन्दोलनलाई यति ठूलो महत्त्वको विषय बनाएको छ।

नेपाल यति बेला 'ठूला' राजनीतिक दलका ५ वा ६ जना व्यक्तित्वहरूले निर्माण गरेको एक विषाक्त दलदलमा फसेको छ। प्रधानमन्त्री पदलाई आफ्नो नैसर्गिक अधिकार जस्तो गरेर आफू आफूमा साटासाट गर्ने अकर्मण्य र असफल यी व्यक्तिको चंगुलबाट नेपालको राजनीति बाहिर निस्किन सकेको छैन। यसबाट आम मानिस दिकदार छन् र भविष्यप्रति निराश छन्।

आज नेपाल यस्तो अवस्थामा पुगेको छ कि देश चलाउने जिम्मेवारीमा रहेका राजनीतिक दलका नेताहरूले आफैले स्थापना गरेको तुलनात्मक रूपमा उन्नत, लोकतान्त्रिक र समावेशी राज्यसंरचनाको प्रतिरक्षा गर्न सकिरहेका छैनन्। गरे पनि यस्तो प्रतिरक्षा खल्लो र अपत्यारिलो सुनिएको छ।

राजावादीहरूको स्वर अहिले यति चर्को हुने प्रमुख कारण यही हो। राजा फर्काउन चलिरहेको लज्जास्पद आन्दोलनका लागि आलोचना गर्नुपर्ने नेपालको राजनीतिक नेतृत्व र राजनीतिक पार्टीहरूको हो।कहिले मान्छे र कहिले व्यवस्था नयाँ चाहियो भन्ने चर्चाहरूका बीच नेपालको भविष्य के त?

मेरो विचारमा आज राजनीतिक दलहरूले उठाउनुपर्ने मुख्य प्रश्न यही हो।सुरूआतमा मैले भनेझैं राजतन्त्र फर्काउन चलेको सडक आन्दोलन धेरै परसम्म पुग्ला जस्तो मलाई लाग्दैन। किनकि, राजतन्त्रका राजनीतिक र नैतिक आधार बाँकी छैनन्। अहिलेको राजनीतिबाट दिकदार युवा पुस्ता पनि ज्ञानेन्द्रको व्यक्तित्व वा क्षमताबाट उति साह्रो प्रभावित भएजस्तो लाग्दैन।

तर यो सडक आन्दोलन र समय समयमा राजावादीहरूले चलाइरहेको अभियानले नेपाली समाज र राजनीतिमा विद्यमान 'फल्टलाइन' लाई उजागर गरिरहेका छन्। दोस्रो जनआन्दोलनबाट स्थापना भएको लोकतान्त्रिक प्रणाली, खुलापन, समावेशीता, विकेन्द्रित राज्यसंरचना आदिमाथि प्रश्न उठाउन केही व्यक्ति र समूहले साहस जुटाएका छन्। यो चिन्ताको विषय हो।

नेपालका राजनीतिक दलहरूले राजावादीको आन्दोलनलाई केही नयाँ, पुराना शब्दवाण प्रयोग गरेर आफ्नो औचित्य प्रमाणित गर्ने प्रयासलाई निरन्तरता दिन सक्छन्। तर यो वास्तविक समाधान होइन। राजवादीको आन्दोलनको एउटा मात्र सही जबाफ राजनीतिक पार्टी र राजनीति गर्ने तौरतरिकामा सुधार हो।

यसका लागि राजनीतिक दलहरूबाट ठोस र प्रयास र प्रतिबद्धता नदेखिएसम्म प्रतिगमनका प्रयास चलिरहनेछ ।सेतोपाटी

# आधुनिक मानिसको उत्पत्तिबारे नयाँ खुलासा



यादव देवकोटा

छोटो समयमा मानव उदविकास इतिहासको पटक पटक लेखन र पुनर्लेखनको बाटोमा आनुवंशिक अध्ययनले अध्येताहरूलाई डोहोऱ्याइरहेको पाइन्छ।विश्वभरका विख्यात आनुवंशिक प्रयोगशालाहरूमा जारी डिएनए अध्ययनले मानव उदविकासको इतिहासमा रूचि राख्नेहरूलाई उसैगरी तरंगित र आश्चर्यचकित बनाउने काम पनि चलिरहेको छ।

जेबेल इरहौदमा तीन लाख पन्ध्र हजार वर्ष पुरानो एउटा जिवाश्म पाइएको थियो। आजसम्म प्राप्त आधुनिक मानव भनिने होमो-सेपियन्सको सबभन्दा पुरानो जिवाश्म त्यसैलाई मानिन्छ।कुनै मानव समूहबाट तीन लाख वर्षअघि भिन्न स्वरूपमा उदविकास भएर सुरूमा अफ्रिका र पछि बाँकी विश्वमा फैलिएका मानिसको उत्तराधिकारी नै आजका हामी मानिस हौं भन्ने एउटा आमधारणा छ। यो पुरामानवशास्त्रीय अध्ययनको क्षेत्रमा पछिल्ला केही दशकदेखि सघन भएको पाइन्छ।

अफ्रिकामा उद्‌भव भएपछि विभिन्न चरणमा होमो-सेपियन्सको समूह अफ्रिका बाहिर आए पनि त्यसले आफ्नो उत्तराधिकार छाड्न सकेन। यसरी अफ्रिकाबाट आप्रवासनका लागि बाँकी भूगोलमा विस्तारित हुने प्रयास होमो-सेपियन्सले दुई लाख दस हजार वर्षभन्दा पहिलेदेखि सुरू गरेको थियो। यो कुरा ग्रिसमा भेटिएको दुई लाख १० हजार वर्ष पुरानो होमो-सेपियन्सको जिवाश्मले प्रमाणित गरेको छ।

इसराइल, युरोपका विभिन्न भाग, मध्य एसिया र साउदी अरेबियामा एक लाख ८० हजारदेखि ८८ हजार वर्षसम्म पुराना होमो-सेपियन्सको जिवाश्म पाइए पनि तिनका उत्तराधिकारी आजको विश्वभरको जनसंख्यामा रहेको पाइँदैन।

आजभन्दा लगभग सत्तरी हजार वर्षअघि अफ्रिकाबाट निर्णायक आप्रवासनमा निस्किएको होमो-सेपियन्सको समूह नै आजका अफ्रिका बाहिरका तमाम मानव जनसंख्याको पुर्खा रहेको तथ्यमा आनुवंशिक अध्येता र आधुनिक नृवंशशास्त्रीहरू एकमत छन्।

यसरी करिब सत्तरी हजार वर्षअघि होमो-सेपियन्स अफ्रिकाबाट निर्णायक आप्रवासनमा निस्किएको परिघटनालाई नृवंशशास्त्रीहरूले अफ्रिका निस्क्रमण सिद्धान्त अर्थात् 'आउट अफ अफ्रिका हाइपोथेसिस' का रूपमा अर्थ्याएको पाइन्छ।


अफ्रिकाबाट निस्किएर विस्तारित हुने क्रममा युरोप र एसियामा होमो-सेपियन्स (आधुनिक मानव) भन्दा अर्कै प्रजातिको मानवका रूपमा परिचित होमो-नियन्डरथलेन्सिस (नियन्डरथल मानव) र हामो डेनिसोवन (डेनिसोवन मानव) सँग एकापसमा यौन सम्बन्ध कायम भई अन्तरप्रजनन प्रक्रिया सम्पन्न भएको र एकअर्कामा आनुवंशिक सम्मिश्रण गराएको तथ्य आनुवंशशास्त्रीहरूले सार्वजनिक गरिसकेका छन्।

म्याक्स प्लांक इन्स्टिच्युट फर इभोलुसनरी एन्थ्रोपोलोजी, हार्वर्ड मेडिकल स्कुल, होवार्ड मेडिकल युनिट, रेख रिसर्च ल्याब, अक्सफोर्ड जेनेटिक ल्याब लगायतले यस्तो पलियोजेनेटिकको क्षेत्रमा उल्लेखनीय योगदान गरेका छन्।

आजको दिनमा विश्वमा मौजुद आधुनिक मानव जनसंख्यामा नियन्डरथल, डेनिसोवन, हब्बिट्स लगायत अन्य भिन्नै मानव प्रजातिको आनुवंशिक उत्तराधिकार रहेको तथ्यले मानवशास्त्रीय अध्ययनमा रूचि राख्नेहरूमा रोमाञ्च र तरंग पैदा गरेको थियो। त्यसलाई भत्काउँदै मंगलबार प्रसिद्ध विज्ञान जर्नल 'नेचर' मा प्रकाशित आनुवंशिक जर्नल आलेखले पलियोजेनेटिक्स र पलियोएन्थ्रोपोलोजीको क्षेत्रमा एक कसिमको कम्पन, तरंग, आश्चर्य र रोमाञ्च पैदा गरेको छ।

बेलायतको क्याम्ब्रिज विश्वविद्यालयका अध्येताहरू ट्रेभर कजिन, एउलविन स्कल्ली र रिचर्ड डुरविनको अनुसन्धानात्मक अध्ययनको निचोड मार्च १८ मा 'नेचर' मा प्रकाशित भएको केही घण्टा नबित्दै मानवशास्त्रीय अध्ययनमा सामेल तमाम आनुवंशीविद, नृवंशशास्त्री, पुरातत्वविदहरूमा हलचल पैदा भएको छ।

अध्येताहरूले आफ्नो अनुसन्धनात्मक आलेखमा उल्लेख गरेका छन् – आजभन्दा करिब १५ लाख वर्षअघि एउटा प्राचीन मानव जनसंख्या दुई भिन्न स्वरूपमा विभाजित/विकसित भयो। 'ए' र 'बी' गरी दुई भिन्न मानव समूहमा विभाजित सो जनसंख्या आजभन्दा तीन लाख वर्षअघि पुनः एकअर्काको सम्पर्कमा आए। एकआपसमा समागम गरेर आनुवंशिक सम्मिश्रण गराए। त्यसरी दुई भिन्न जनसंख्याको आनुवंशिक सम्मिश्रणको परिणाममा एउटा अर्कै स्वरूपको मानव विकास भयो। र, त्यो नै आधुनिक मानव भनिने होमो-सेपियन्स हो।




अध्येताहरूका अनुसार आधुनिक मानवको उदयमा समूह 'ए' ले ८० प्रतिशत र समूह 'बी' ले २० प्रतिशत आनुवंशिक योगदान दिएको छ। अर्थात्, आधुनिक मानवमा ८० प्रतिशत 'ए' नाम दिइएको मानव वंशको उत्तराधिकार छ र २० प्रतिशत 'बी' नाम दिइएको मानव समूहको उत्तराधिकार छ।

लामो समयसम्म पुरामानवशास्त्रीय अध्ययनको क्षेत्रमा के ठानिन्थ्यो भने – हामी आधुनिक मानव भनिने होमो-सेपियन्स एउटा सग्लो एकल जनसंख्याको उत्तराधिकारी हौं। आज संसारभर छरिएर रहेका आधुनिक मानवको पुर्खा करिब तीन लाख १५ हजार वर्षअघि अफ्रिकामा उदविकास भयो। र, एकल पुर्खाबाट जन्मिएका सन्तानहरू विस्तारित भएर बाँकी संसारभर फैलिए।

विगत दुई दशकयताका अध्ययनहरू यसमै केन्द्रित थिए। मंगलबार नेचर जर्नलमा प्रकाशित आलेखले भने यो एकल वंशजको उत्तराधिकारी हो भन्ने मान्यतालाई थप जटिल बनाइदिएको छ। त्यसमा प्रश्न उठाइदिएको छ। यो अध्ययनले हामी कम्तीमा दुई भिन्न मानव समूहको मिश्रणको परिणाम हौं भन्ने तथ्य सार्वजनिक गरेर मानव उदविकासको अध्ययनको क्षेत्रमा सनसनी नै मच्चाइदिएको छ।

यसअघिका अध्ययनहरू पनि होमो-सेपियन्समा नियन्डरथल, डेनिसोवन, हब्बिट्स सहितका मानव समूहको आनुवंशिक उत्तराधिकार रहेकामा सचेत थिए। तैपनि ती मिश्रणहरू करिब ५० हजार वर्षअघि अफ्रिकाबाट बाहिरिएको जनसंख्यामा मात्रै भएको उल्लेख छ। अफ्रिका बाहिरको जनसंख्यामा नियन्डरथलले २ प्रतिशत आनुवंशिक मिश्रण गराएको र त्यही मात्रा हाराहारीमा डेनिसोवनको आनुवंशिक योगदान रहेकामा त्यस्ता अध्ययनहरूको सहमति छ।

नयाँ अध्ययनले भने नियन्डरथल, डेनिसोवनहरूको आनुवंशिक मिश्रण आधुनिक मानवमा हुनुभन्दा धेरै पहिले नै दुई छुट्टै मानव समूहको आनुवंशिक मिश्रणको परिणाम स्वरूप आधुनिक मानवको उदय भएको निष्कर्ष निकालेको छ।

अनुसन्धानात्मक आलेख सार्वजनिक भएपछि प्रेस नोट जारी गर्दै अध्येता एइल्विनले भनेका छन्, 'हाम्रो इतिहास हामीले सोचेभन्दा बढी समृद्ध र सोचेभन्दा बढी जटिल छ।'

जीनको पूर्ण सिक्वेन्स गर्दै, त्यसको उन्नत (एड्भान्स) विश्लेषण गरेर, डिएनए परिणाम हेर्दै यो नतिजा निकालिएको अध्येताहरूले जनाएका छन्।

अफ्रिका, एसिया, युरोप र अमेरिकाको जनसंख्याको डिएनए सिक्वेन्स गरेको 'थाउजेन्ड (१०००) जिनोम प्राजेक्ट' र 'ह्युमन जिनोम डाइभर्सिटी प्रोजेक्ट' को अध्ययनको डिएनए डेटा प्रयोग गर्दै त्यसको विश्लेषणात्मक निष्कर्ष निकालिएको अध्येताहरूले जनाएका छन्।

थाउजेन्ड जिनोम प्रोजेक्टका डेटाहरूलाई 'कम्प्युटेसनल अल्गोरिदम' प्रयोग गर्दै कसरी प्राचीन मानवहरू एकापसमा छुट्टिएका थिए र ती कसरी कालान्तरमा फेरि एकापसमा गाभिए भनेर अध्येताहरूले हेरेका थिए। उक्त अध्ययनलाई उनीहरूले रिसर्च 'कोब्रा' मोडल नाम दिएका थिए। मानव पुर्खा १५ लाख वर्षअघि साझा पुर्खाबाट दुई भिन्न समूहमा विभाजित भएपछि एउटा समूहमा जनसंख्या वृद्धिमा अवरोध आई निकै सानो संख्यामा खुम्चिएको उक्त अध्ययनले देखाएको छ।

उक्त समूहको जनसंख्या दस लाख वर्ष जतिको अवधिमा सुरूमा खुम्चिँदै, पछि क्रमशः बढ्दै गएको उनीहरूको धारणा छ। त्यही समूहले पछिबाट आधुनिक मानवमा ८० प्रतिशत जति आनुवंशिक उत्तराधिकारको योगदान गरेको देखिन्छ। त्यही समूहबाटै नियन्डरथल र डेनिसोवनको पुर्खाको समेत उदविकास भएको पनि उक्त अध्ययनको निष्कर्ष छ।

अर्को समूहबाट (जसले आधुनिक मानवमा २० प्रतिशत आनुवंशिक योगदान गरेको पाइएको छ) प्राप्त जीनले आधुनिक मानवलाई परिस्थिति र वातावरण अनुकूल आफूलाई बदलाव गर्ने (प्राकृतिक छनौटको सिद्धान्त) का लागि मद्दत गरेको अध्येताहरूले उल्लेख गरेका छन्।

उनीहरूका अनुसार, उक्त समूहबाट हाम्रो जीन तत्वहरूमा निकै कम योगदान भएको भए पनि, जति प्राप्त भएको छ, त्यसले मस्तिष्क सञ्चालन र स्नायु प्रशोधनका लागि चाहिने तत्वहरूमा उल्लेखनीय योगदान गरेको देखिन्छ। यसले आधुनिक मानवको उदविकास, परिमार्जन र विकासको चरणमा निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।त्यसरी हाम्रो उदयमा महत्त्वपूर्ण आनुवंशिक उत्तराधिकार प्रदान गर्ने हाम्रा पुर्खा समूह को थिए भन्ने चाहिँ अध्ययनले किटान गरेर उल्लेख गर्न सकेको छैन।

अध्येताहरूले लेखेका छन्, 'ती रहस्यमय पुर्खाहरू यिनै थिए भनेर किटानी गर्न सकिँदैन। त्यसबखत अफ्रिका र अफ्रिका बाहिर समेत उपस्थित होमो-इरेक्टस र होमो-हाइडेलवर्गेन्सिस थिए कि भन्नेमा हामी बढी केन्द्रित छौं। तर किटान गरेर भन्न थप अनुसन्धान जरूरी छ।'

उनीहरूको निष्कर्ष छ – अन्तर प्रजनन र आनुवंशिताको आदानप्रदानले जीवहरूको संसारमा नयाँ प्राणीको उदयमा महत्त्वपूर्ण भूमिका खेलेको छ।

यसरी आज मौजुदा होमो-सेपियन्स एउटा सग्लो (सिंगल) जनसंख्याको उत्तराधिकारी नभई, कमसेकम दुई या सोभन्दा बढी मानव समूहको सम्मिश्रणबाट उदय भएको यो नयाँ दाबीले थप अनुसन्धानात्मक विवाद र प्रतिवादहरूको सामना गर्ने भने निश्चय नै छ ।सेतोपाटी

# अधिकार खोस्ने तागत कसैसँग छैन : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली जनताले लडेर ल्याएको अधिकार खोस्ने तागत कसैसँग नभएको बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालद्वारा बुधबार यहाँ आयोजित राष्ट्रिय स्वयंसेवक भेलालाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले युवा सङ्घसँग कति तागत छ भन्ने कुरा मानिसहरुले आँकलन नै नगरेको तथा देश र जनताका लागि परिआएमा यसले प्रतिगामी शक्तिसँग जस्तोसुकै मुकाविला गरेर पनि सक्षमता देखाउनुपर्ने बताउनुभयो।

"हामीले लडेर ल्याएको अधिकार खोस्ने तागत कसैको छैन । यो कुरा अझ राम्रोसँग युवाहरुले बताउन सक्छन । देशलाई कसैले अप्ठ्यारोमा पार्न खोजेमा युवा सङ्घले बाघले झम्टिए झैँ झम्टन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "स्वयंसेवाको यो क्रियाकलाप राम्रो थालनी हो । यस शक्तिलाई व्यवस्थित र मर्यादितरुपमा परिचालन गर्नुस् । पहिलाको युथ फोर्सजस्तै । यो एउटा निशस्त्र स्थायी टोली होस्, कोही प्रतिगामी शक्ति टाउको जुधाउन आएमा वा विकास विरोधीले हाम्रा काममा अवरोध खडा गरेमा सशक्त प्रतिवाद गरोस् ।"

प्रधानमन्त्री ओलीले सरकारले एउटा कर्मचारीलाई हटाउँदा केहीले छाती पिटीपिटी रोएको टिप्पणी गर्दै यसबारे प्रधानमन्त्रीले जवाफ दिइरहनु नपर्ने स्पष्ट गर्नुभयो । "प्रधानमन्त्रीले जवाफ दिइसक्यो । एउटा हटायो, अर्को नियुक्ति गर्यो । सक्कियो । त्यही हो जवाफ । उहाँहरुलाई सहयोग हुने उहाँहरुले जो भन्यो त्यही नियुक्ति गर्ने हाम्रो काम होइन् ।"

प्रधानमन्त्री ओलीले यही चैत १८ गतेभित्र अध्यादेशहरुलाई प्रतिस्थापन विधेयक ल्याएर पारित गर्नुपर्ने अवस्थामा त्यसलाई रोक्न विपक्षी दलहरुले सदन अवरोधको काम थालेकामा चिन्ता व्यक्त गर्नुभयो । विपक्षीहरुलाई आग्रह गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "यति सस्तो, यति हल्का र यति उत्ताउलो नहुनुस् तपाईँहरु । प्रधानमन्त्रीका सवालमा जथाभावी नबोल्नुस् । जिम्मेवार बन्नुहोस् । हाम्रो हकमा, हामी न मात्तिछौँ । न आत्तिन्छौँ । धैर्यपूर्वक अगाडि बढ्छौँ ।"

कार्यक्रममा एमाले महासचिव शङ्कर पोखरेल, जनसङ्गठन समन्वय संयन्त्रका प्रमुख भानुभक्त ढकाल, पोलिटब्युरो सदस्य महेश बस्नेत, सङ्घका अध्यक्ष क्षितिज थेबेलगायतले राष्ट्रिय स्वयंसेवक अभियानको आवश्यकताबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# 'मन्त्रिपरिषद्मा ३३ प्रतिशत महिला हुनुपर्छ': सांसद चन्दा चौधरी



मधेसमा सबैभन्दा ध्यान दिनुपर्ने शिक्षा र रोजगारी हो । मधेसी समुदायमा पहिलाको तुलनामा धेरै सुधार भएको छ । तर जति हुनुपर्ने हो, त्यति सुधार हुन सकेको छैन ।

काठमाण्डु । प्रतिनिधिसभाको सांसद भएको दुई वर्ष भयो । सङ्घीय संसद् जति प्रभावकारी ढङ्गले चल्नुपर्ने हो, त्यति प्रभवकारी रूपमा चल्ने सकेको छैन । हामी प्रतिनिधिसभाका सांसद जनताप्रति उत्तरदायि हुनेभन्दा पनि सरकार बनाउनमै व्यस्त भएको देखिन्छ । हाम्रो व्यवस्था नै त्यस्तै छ । बहुमतको आधारमा सरकार बनाउने र परिवर्तन हुन्छ । बहुमत कुनै एउटा पार्टीले ल्याउन सकेको छैन । त्यसैले पनि सरकार बनाउन दुई वा दुईभन्दा बढी पार्टी मिल्नुपर्ने अवस्था छ । प्रतिनिधिसभाले महिलाको लागि अलि धेरै 'प्लेट फर्म' दिनुपर्छ जस्तो लाग्छ ।

अहिलेको संविधानमा महिलाको लागि धेरै व्यवस्था गरिएको छ । तर संवैधानिक व्यवस्थाको पूर्णकार्यान्वयन हुन सकेको छैन । संविधानको धारा ३८, ७०, ८४, ९१ र ९२ लगायत महिलासँग सम्वन्धित संवैधानिक व्यवस्थाको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन गर्ने सवालमा महिलाको अधिकार कटौती गरिएको छ । हामीले राज्यका हरेक संरचनामा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्ने माग गर्दै आएको हो । त्यो हुन सकेको छैन । अहिले संसद्मा ३३ प्रतिशत मात्रै महिलाको सहभागिता छ । यो ३३ प्रतिशतलाई अझै प्रभावकारी बनाउनुपर्छ । ३३ प्रतिशत संसद्मा मात्रै होइन मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्छ । संविधान संशोधन गरेर महिलाको ३३ प्रतिशतलाई बढाएर ५० प्रतिशत पुर्‍याउनुपर्छ । सङ्घीय संसदमा ३४ प्रतिशत महिलाको सहभागिता छ । प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिलाको सहभागिता रहेको छ । अब यसलाई ५० प्रतिशत पुर्‍याउनुपर्छ । जस्तोःफरक लिङ्गबाट प्रतिनिधित्व गर्दा राष्ट्रपति वा उपराष्ट्रपति महिला हुनुपर्ने, भएको छैन ।

थप अधिकारको निम्ति लाग्नुपर्नेछ। तरभएकोअधिकारलाई पूर्णरूपमा कार्यान्वयन गर्न सकेको खण्डमा महिलाको सहभागिता बढ्दै जान्छ । महिला महिलाबीच प्रतिस्पर्धा हुने छुट्टै निर्वाचन क्षेत्र छुट्याउनुपर्छ । त्यसो गरेको खण्डमा महिलाको सङ्ख्या बढ्छ । देशमा महिला हिंसा तथा बलात्कारका घटना दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । महिला हिंसाको एउटा समस्या भनेको बाल विवाह पनि हो । त्यसैगरी मानिसमा चेतनाको पनि कमि छ । महिला हिंसा रोक्नका लागि सरकारले बाल विवाहलाई रोक्नुपर्छ । बाल विवाह रोक्नका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ । अर्को कुरा, सरकारले सचेतना मूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ। बलात्कारका घटनामा सङ्लग्न व्यक्तिलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गर्न सक्नुपर्छ सरकारले । महिला हिंसा र बलात्कारको अन्त्य गर्नका लागि सरकारले लागुऔषधपनि रोक्नुपर्छ । यी विषय सङ्घीय वा प्रदेश सरकारले मात्रै हेरेर पुग्दैन । स्थानीय सरकार झन बढी सक्रिय हुनुपर्छ । मैले बाल विवाहको सवालमा संसद्मा सङ्कल्प प्रस्ताव पनि गर्दा गराएकी छु। मेरो संकल्प प्रस्तावमा २० वर्ष पूरा भएको प्रमाणपत्र वडा कार्यालयले दिएपछि मात्रै विवाह गर्न लिल्ने भनिएको छ । बाल विवाहका घटना मधेस प्रदेशमा भयाबह छ । महिला हिंसासँग जोडिएको अर्को विषय दाइजो प्रथा पनि मधेसमा चरम छ । दाइजोको कारण महिलाको हत्याका घटना भइरहेका छन् । अब राजनीतिक दल वा सरकारले मत पाइँदैन कि भनेर डराएर हुँदैन । गलत कुराको अन्त्य गर्नुपर्छ । दाइजो प्रथा वा बाल विवाहको विषयमा तैँ चुप मैँ चुप गरेर हुँदैन ।

समस्या मधेसमा मात्रै होइन । अन्य क्षेत्रमा पनि छ । सुदूरपश्चिममा अहिले पनि छाउपडि समस्या छ । हिमालमा पनि आफ्नै समस्या छ । मधेस स्वास्थय उपचार, शिक्षा, र आर्थिक हिसावमा कमजोर छ । मधेसमा सबैभन्दा ध्यान दिनुपर्ने शिक्षा र रोजगारी हो । मधेसी समुदायमा पहिलाको तुलनामा धेरै सुधार भएको छ । तर जति हुनुपर्ने हो, त्यति सुधार हुन सकेको छैन । २०७८ सालको जनगणनाअनुसार पुरुषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको ६९.४ प्रतिशत छ । मधेसी समुदायको बाहुल्य रहेको मधेस प्रदेशमा महिला हिंसाका घटना बढ्दो क्रममा छन् । नेपाल प्रहरीको अघिल्लो वर्षको तथ्याङ्क हेर्ने हो भने घरेलु हिंसामा कुल १६ हजार ५१९ वटा उजुरी दर्ता भएकामा मधेस प्रदेशमा चार हजार ९२३ वटा दर्ता भएका थिए । बोक्सी आरोपको जम्मा ४३ वटा घटनामध्ये ३२ वटा मधेसमा दर्ता भएका थिए । अवैध गर्भपतनको ३२ घटनामध्ये १३ वटा मधेसमा भएको छ । यौन हिंसाको जम्मा तीन हजार ३५७ घटनामध्ये ४५६ वटा मधेसमा छ। बहुविवाहको ७२३ घटनामा १२२ वटा मधेसमा भएको तथ्याङ्क छ । यो तथ्यबाट प्रष्ट हुन्छ । मधेसी समुदायका महिला जताबाट पनि विभेदमा पर्ने गरेका छन् । सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारप्रतिको दायित्व पूरा गर्न सकेको छैन । सङ्घीय निजामती ऐन, शिक्षा ऐन र प्रहरी ऐन सङ्घीय सरकारले बनाउन सकेको छैन । सङ्घीयता आए पनि स्थानीय र प्रदेश सरकारले आफ्नो अधिकार पाएको छैन । सरकारले अब 'नीति तथा कार्यक्रम'वा बजेट बनाउँदा सर्वे गर्नुपर्छ । मन्त्री वा सांसदले आफ्नो निर्वाचन क्षेत्रको लागि बजेट मागेको आधारमा भन्दा पनि आवश्यकताको आधारमा बजेटको व्यस्था गर्नुपर्छ । सरकारले रोजगारी सिर्जना गर्ने बजेट बनाउनुपर्छ । अहिले हाम्रो देशको ठूलो जनशक्ति बाहिर पलायन भइरहेको छ । विकास पनि गर्नुपर्छ । तर विकासभन्दा पहिला जनताको समस्यालाई बुझ्नुपर्छ । विकासको नाममा सरकार कतिपय ठाउँमा अनावश्यक बजेट विनियोजना गरिरहेको छ । त्यो बजेटलाई रोजगारीमा लगाइयो भने स्वाभाविक रूपमा युवा काम गर्न विदेश जानु पर्दैन । राज्यले शिक्षामा पनि लगानी गर्नुपर्छ । युवा पलायन रोक्नका लागि ठूला ठूला उद्योग खोल्नुपर्छ ।

विसं २०६२ को आन्दोलनसँगै राजनीति सुरु गर्नुभएकी चन्दा चौधरी अहिले नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभाको सांसद हुनुहुन्छ । २०७९ सालको निर्वाचनको समयमा नेपाली कांग्रेसमा प्रवेश गर्नुभएकी सांसद चौधरीले यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को केन्द्रीय कार्यकारिणी सदस्यमा रहेर काम गर्नुभएको थियो । महिला तथा उत्पीडित समुदायको आन्दोलनमा सक्रिय उहाँ ०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट समानुपातिकतर्फ सांसद बन्नुभएके थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले 'महिला, बालबालिका तथा ज्येष्ठ नागरिक' मन्त्रीमा नियुक्त गर्नुभएको थियो । तर, अदालतले मन्त्रिपरिषद् विस्तारलाई मान्यता नदिएपछि उहाँ मन्त्री भएको १८ दिनमै बाहिरिनुभएको थियो । सर्लाही जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने सांसद चौधरी २०६६ सालमा खेलकुद राज्यमन्त्री बन्नुभएको थियो ।रासस

# राष्ट्रियसभा बैठक बिहीबार बस्ने



काठमाण्डु । राष्ट्रियसभा बैठक प्रतिपक्षी दलहरुको अवरोधका बीच स्थगित भएको छ । अब उक्त बैठक बिहीबार १२ : १५ बस्ने भएको छ ।

प्रमुख प्रतिपक्षी दलहरु नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा (एकीकृत समाजवादी) का सांसदहरुले सरकारले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरेकामा त्यसको विरोध जनाएपछि अध्यक्ष नारायणप्रसाद दाहालले बिहीबारसम्मका लागि बैठक स्थगन भएको सदनलाई जानकारी दिनुभयो ।

बुधबार दिउँसो १ बजेर १५ मिनेटमा सुरु भएको राष्ट्रियसभाको बैठक प्रतिपक्षी दलका सांसदहरुको अवरोधका बीच १५ मिनेटका लागि स्थगन भएको थियो । पन्ध्र मिनेटका लागि स्थगन भएको उक्त बैठक फेरी समय परिवर्तन गरी बुधबारै ३ बजेर ४५ मिनेटका लागि तोकिएको थियो । उक्त समयमा पनि बैठक बस्न नसकेपछि बिहीबारसम्मका लागि स्थगन गरिएको हो ।

**प्रतिनिधिसभा बैठक बिहीबार बस्ने**

प्रतिनिधिसभाको आजको बैठक स्थगन भएको छ । आज बसेको पहिलो बैठक अवरुद्ध भएपछि केही समयका लागि स्थगन भएको थियो । दोस्रो पटक बसेको बैठक पनि प्रतिपक्षी दलका सांसदहरुले अवरोध गरेपछि सभामुख देवराज घिमिरेले उक्त बैठक बिहीबार बस्ने जानकारी दिनुभयो ।

यसअघि सभामुख घिमिरेले पटक-पटक सदन सञ्चालनको वातावरण बनाउन प्रतिपक्षी दलका सांसदहरुलाई अनुरोधसहितको रुलिङ गर्नुभएको थियो । बुधबारको बैठकको प्रारम्भमै प्रतिपक्षी दलका सांसदहरुले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट सरकारले बर्खास्त गरेको विषयप्रति विरोध जनाउँदै बैठक अवरोध गरेका थिए ।रासस

# प्रधानमन्त्रीले चित्त बुझ्दो जवाफ दिनुपर्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरिएकोबारे प्रधानमन्त्री केपी शर्मा ओलीले चित्त बुझ्दो जवाफ दिनुपर्ने बताउनुभएको छ ।

नयाँबानेश्वरस्थित सङ्घीय संसद् भवन बाहिर सञ्चारकर्मीहरुसँग कुरा गर्दै अध्यक्ष दाहालले यसबारे प्रधानमन्त्री ओलीले चित्त बुझ्दो जवाफ नदिए प्रतिनिधिसभाको बैठक चल्न नदिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'कुलमानलाई बर्खास्त गरिएको विषयमा प्रधानमन्त्रीले संसद्को रोष्टममा आएर चित्त बुझ्दो जवाफ दिनुपर्छ, चित्त बुझ्दो जवाफ आए सदन चल्छ, नत्र चल्दैन ।" उहाँले प्रधानमन्त्री ओलीसँग टिआरसीको विषयमा छलफल भएपनि कुलमानलाई बर्खास्त गर्नेबारे कुनै छलफल नभएको प्रस्ट पार्नुभयो ।



प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) सहित राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा (एकीकृत समाजवादी) का सांसदहरुले आजको प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठकमा कुलमान घिसिङलाई बर्खास्त गरेकामा विरोध जनाएका थिए । प्रतिपक्षी दलका सांसदरुको विरोधका कारण प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक बिहीबारसम्मका लागि स्थगन भएको छ ।रासस

# 'लुम्बिनी क्षेत्र लगानीका लागि महत्त्वपूर्ण गन्तव्य'

लुम्बिनी । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लुम्बिनी क्षेत्र लगानीका लागि महत्त्वपूर्ण गन्तव्य भएको बताउनुभएको छ । उहाँले अर्थतन्त्रलाई उचाइमा पु-याउन सामर्थ्य राख्न सक्ने भएकाले सहरी पूर्वाधार, शिक्षा, स्वास्थ्य, औद्योगिक क्षेत्रको हिसाबले लुम्बिनीलाई अग्रणी स्थानमा




सरकारले लगानी अनुकूल वातावरण बनाउँदै जाने उल्लेख गर्दै लुम्बिनीमा लगानी गर्न निजी क्षेत्रका उद्योगी-व्यवसायीहरुलाई आग्रह गर्नुभयो ।

कान्तिपुर मिडिया ग्रुपले रुपन्देहीमा बुधबार आयोजना गरेको एक विमर्श कार्यक्रममा अर्थमन्त्री पौडेलले लुम्बिनी धेरै फराकिलो रहेको र निजी क्षेत्रका लागि महत्त्वपूर्ण ठाउँ रहेकाले सम्भावनालाई व्यवसायसँग जोड्न आग्रह गर्नुभयो ।

उपप्रधानमन्त्री पौडेलले लुम्बिनीले नेपालको सिङ्गो पु-याउने गरी भएका प्रयासमा सबैको साथ आवश्यक रहेको बताउनुभयो ।

"बुद्ध जन्मस्थल लुम्बिनीसँगै यहाँ बुद्धको जीवनसँग जोडिएको महत्त्वपूर्ण सम्पदासँगै यहाँ राम्रा र स्तरीय होटलहरु छन्", उहाँले भन्नुभयो, "बर्दिया राष्ट्रिय निकुञ्ज पनि लुम्बिनी प्रदेशमै छ । लुम्बिनीमा धेरै सम्भावना र स्रोत छन् ।"

उपप्रधान तथा अर्थमन्त्री पौडेलले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल छिट्टै पूर्ण क्षमतामा सञ्चालन हुने बताउनुभयो ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय मिल्सएरिया, जनकपुरको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोपराईटरको नामरकम्पनी तथा संचालकहरुको नाम) | ठेगाना | ग्राहकको पिता र पतिको नाम | बाजेको नाम | उदेश्य | सांवा रकम रु. | मिति २०८१।१२।३० सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिनेरजमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संजय कृषि खेती तथा पशुपालन फर्म | जनकपुर ०८ | संजय कुमार तिवारी | लाला तिवारी | पशुपालन | २०००००० | ४७७०५ | २०४७७०५ | | ५३६०८९५ |
| २ | तत्मा मतस्य प्रजनन फर्म | जनकपुर १३ | रामकली कुमारी | हरि दास तत्मा | माछा | १०००००० | २४८७० | १०२४८७० | | १९७६२६२ |
| ३ | लालवावु यादव | रमदैया भवाडी ०६ | नथुनी यादव | हिरा यादव | माछा | ३७५०००० | २९०००० | ४०४०००० | | ६९५३६० |
| ४ | राधेकृष्ण ग्यास पसल | मिथिला विहारी ०८ | विजय कुमार यादव | विल्टु यादव | व्यापार | ९५०००० | ५८४६९ | १००८४६९ | | १३०५५०६ |
| ५ | श्री गोविन्द ट्रेडर्स | जनकपुर ०४ | विजय कुमार | महेन्द्र प्रसाद साह | व्यापार | ७००००० | ३५१०७ | ७३५१०७ | | १३६६०२८ |
| ६ | न्यू जय माता दि जेनरल स्टोर | जनकपुर ०२ | कुश्म कुमारी यादव | जितेन्द्र प्रसाद यादव | व्यापार | १६००००० | १२५००० | १७२५००० | | १७७६०२९ |
| ७ | निमिसा ट्रेडिंग कँसर्न | जनकपुर ०८ | रितेश लाल | प्रमेश्वर लाल कर्ण | व्यापार | ८०००००० | ६२५००० | ८६२५००० | | ४३५८४५ |
| ८ | फुलेश्वर मण्डल | वघचौडा ०२ | वासुदेव मण्डल | सुन्दर मण्डल | सरल कृ.क. | १००००० | ६५०० | १०६५०० | | ६९५३३५ |
| ९ | ज्योति कोल्ड स्टोर | गोपालपुर ०९ | संजीव साह | महेन्द्र साह | व्यापार | ७००००० | २८००० | ७२८००० | | ६९४३२८ |
| १० | रेखा कुमारी यादव | मिथिला बिहारी ०८ | शिवदयाल यादव | प्रमेश्वर यादव | सरल कृ.क. | १८०००० | १२००० | १९२००० | | ६९५१६५ |
| ११ | महाजनी देवी यादव | वेंगाशिवपुर ०५ | मुनेश्वर यादव | महन्त यादव | सरल कृ.क. | ३००००० | १८००० | ३१८००० | | १७६५१२४ |
| १२ | ईन्दल प्रसाद यादव | अन्दुपटी ०१ | दुर्गी देवी यादव | खुशीलाल यादव | सरल कृ.क. | १००००० | ५५०० | १०५५०० | | ६९५५६८ |
| १३ | हर्दिनाथ ईटा उधोग | क्षिरेश्वरनाथ ०१ | दिपक कुमार यादव | राम नारायण यादव | उधोग कर्जा | ४६३१००० | २७०००० | ४९०१००० | | ६९५४६८ |
| १४ | विजय एण्ड वशिष्ट क.ईन्जि.प्रा.लि. | दुवरकोट ०१ | विजय कुमार साह | राम औतार साह | ओ.डी. | ८१२५०० | ३५००० | ८४७५०० | | १३७८११२ |
| १५ | श्रृष्टी पशुपंक्षी तथा मत्स्य फर्म | जनकपुर १४ | कृष्ण महरा | राजेन्द्र महरा | पशुपालन फर्म | ३००००० | २५००० | ३२५००० | | ५२५६९०० |
| १६ | सुमित पुशपालन तथा कृषि फर्म | जनकपुर १७ | निलम कुमारी यादव | राम लखन यादव | पशुपालन फर्म | ५७०००० | २०००० | ५९०००० | | ५२०८००४ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# रुस र युक्रेनबीच "ब्ल्याक सी" र उर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्ने सहमति

एएफपी

वासिङ्टन ।संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्ताका क्रममा रुस र युक्रेनले 'ब्ल्याक सी' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न मङ्गलबार सहमति जनाएका छन् ।



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले दशौं हजार मानिसको ज्यान लिइसकेको युद्धको शीघ्र अन्त्यका लागि जोड दिइरहेका बेला अमेरिकी वार्ताकारहरूले साउदी अरबको राजधानी रियादमा युक्रेन र रुसका प्रतिनिधिमण्डलबीच तीन दिनसम्म छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।

अमेरिकी राष्ट्रपतिको कार्यालय (ह्वाइट हाउस) ले जारी गरेको वक्तव्यमा भनिएको छ, "दुबै देश 'सुरक्षित नेभिगेसन सुनिश्चित गर्न, बल प्रयोग अन्त्य गर्न र 'ब्ल्याक सी'मा सैन्य उद्देश्यका लागि व्यापारिक जहाजको प्रयोग रोक्न सहमत भएका छन्।

दुबै देशमा ऊर्जा पूर्वाधारमा आक्रमणमा प्रतिबन्ध लगाउने उपायहरू पनि खोजी गर्ने सहमति भएको संयुक्त राज्य अमेरिकाले जनाएको छ ।यसैबीच, क्रेमलिनले रूसको कृषि क्षेत्रमा लगाइएको प्रतिबन्ध हटेपछि मात्र 'ब्ल्याक सी' मा आक्रमण रोक्ने सम्झौता लागू हुने बताएको छ ।

रुस र संयुक्त राज्य अमेरिकाले गत हप्ता रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले जारी गरेको ३० दिने ग्यास (इन्धन)को पाइपलाइन, विद्युत गृह र तेल प्रशोधन केन्द्रमा लागू हुने ऊर्जा युद्धविराममा सहमति जनाएका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पको चर्को दबाबपछि कूटनीतितर्फ फर्केका युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी सहायता र गुप्तचर आदानप्रदानमा केही समयका लागि प्रतिबन्ध लगाउनेलगायत सम्झौताले काम गर्छ कि गर्दैन भनेर अहिले नै भन्न नसकिने तर ती 'सही कदम' भएको बताउनुभएको छ । जेलेन्स्कीले किएभमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "वार्तामा भविष्यमा युद्धविरामका लागि तेस्रो पक्षलाई ल्याउने विषयमा पनि छलफल भएको छ । दुवै पक्षसँग सम्बन्ध कायम गरेको टर्कीले 'ब्ल्याक सी'को अवस्थाको अनुगमन गर्न सक्ने र मध्यपूर्वी राष्ट्रले ऊर्जा सम्झौताको पर्यवेक्षण गर्न सक्ने उहाँले बताउनुभयो ।

## कृषि क्षेत्रबारे प्रस्ताव

सन् २०२२ मा युक्रेनमाथि आक्रमणको आदेश दिएदेखि नै पश्चिमा राष्ट्रहरूले पुटिनलाई बहिष्कृत गरेकोमा यसको अन्त्य गर्दै ट्रम्पले पदभार ग्रहण गरेपछि पुटिनसँग सीधै वार्ता गर्नुभएको थियो ।

यस सहकार्यको बदलामा संयुक्त राज्य अमेरिकाले रुसप्रति चालेको पहिलो ठोस कदममा ह्वाइट हाउसले 'रुसी कृषि र मल निर्यातका लागि 'विश्व बजारमा पहुँच पुनर्स्थापना गर्न मद्दत गर्ने' बताएको छासंयुक्त राज्य अमेरिकाले रूसी कृषिमा प्रत्यक्ष रूपमा प्रतिबन्ध लगाएको थिएन तर अन्तर्राष्ट्रिय लेनदेनको लागि प्रयोग गरिने भुक्तानी प्रणालीमा पहुँचलाई सीमित गरेको थियो।यो मुद्दा रुसका लागि एउटा प्रमुख चर्चाको विषय बन्यो। रुसले विश्वका विकासशील मुलुकहरूलाई अमेरिकी नीतिहरूले उच्च मूल्यमा योगदान पुर्याइरहेको बताएको थियो।

मस्कोले रुसी कृषि बैङ्क र खाद्यान्नको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न अन्य वित्तीय संस्थाहरूमाथि लगाइएको प्रतिबन्ध फुकुवा भएपछि र सरल अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीमा पुनः जोडिएपछि मात्र यो सम्झौता लागू हुने बताएको छ ।जेलेन्स्कीले अमेरिकी निर्णयबारे आफूलाई पूर्ण जानकारी नभएको बताउँदै चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभयो, "यो स्थिति कमजोर हुनु र प्रतिबन्धहरू कमजोर हुनु हा भन्ने हामी विश्वास गर्छौं ।"

वार्तामा सहभागी युक्रेनका रक्षामन्त्री रुस्तम उमरोभले काला सागर सम्झौताका बारेमा विस्तृत अध्ययन भइरहेको बताउनुभएको छ । उहाँले यदि रुसी युद्धपोतहरू ब्ल्याक सीको पूर्वी भागबाट हटेमा युक्रेनलाई आत्मरक्षाको अधिकार प्रयोग गर्ने पूर्ण अधिकार हुने बताउनुभयो । युक्रेनले यसै महिनाको सुरुमा अमेरिकाले प्रस्ताव गरेको बिनाशर्त युद्धविरामका लागि सहमति जनाएको थियो, तर रुसले यसलाई अस्वीकार गरेको थियो।

## 'नेपोलियन र हिटलर'

रुसी विदेशमन्त्री सर्गेइ लाभरोभले मस्को व्यापक युद्धविरामका लागि सहमत हुन नजिक पुगेको र काला सागरमा पानीजहाजलाई प्राथमिकता दिएको कुनै सङ्केत दिएनन् ।संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको यसअघिको सम्झौताले युक्रेनको बन्दरगाहबाट लाखौं टन खाद्यान्न र अन्य खाद्यान्न निर्यात सुरक्षित रूपमा पठाउन अनुमति दिएको थियो, तर रुसले यो आफ्नो व्यापारका लागि फाइदाजनक नभएको गुनासो गरेको थियो।अमेरिकाले कृषि निर्यातको घोषणा गर्नुअघि लाभरोभले पश्चिमा देशहरूले 'नेपोलियन र हिटलर'ले जस्तै रुसलाई 'नियन्त्रण' गर्न खोजेको आरोप लगाएका थिए।

जेलेन्स्कीले कुन कुन देशले आफ्नो देशमा शान्ति सैनिक पठाएर सम्भावित युद्धविराम सम्झौताको निरीक्षणका लागि सेना परिचालन गर्न सक्छन् भन्ने पेरिसमा हुन लागेको शिखर सम्मेलनबाट आफूले स्पष्ट हुने अपेक्षा गरेको बताउनुभएको छ ।साउदी अरबमा वार्ता भइरहेको समय रुस र युक्रेन दुवैले जमिनमा आक्रमण बढाइरहेको दाबी गरेका छन् । युक्रेनले आफ्नो हवाई प्रतिरक्षा एकाइले मङ्गलबार रुसले प्रक्षेपण गरेका १३९ मध्ये ७८ वटा ड्रोन खसालेको बताएको छ ।

युक्रेनको उत्तरपूर्वी सहर सुमीमा एक दिनअघि एक आवासीय क्षेत्रमा रुसी आक्रमणमा परी २३ बालबालिकासहित मृत्यु हुनेको संख्या १०१ पुगेको र एक वयस्क र एक बालकको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् ।रुसले महिनौंदेखि युद्धमोर्चाका केही क्षेत्रमा प्रगति गरेको छ र मङ्गलबार दक्षिणी र पूर्वी युक्रेनका थप दुई गाउँकब्जा गरेको दाबी गरेको छ ।

# प्रधानमन्त्री कप क्रिकेट : एपिएफ क्लबद्वारा कोशी प्रदेश पराजित



भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपिएफ क्लब विजयी भएको छ । एपिएफले कोशी प्रदेशलाई पराजित गरेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस जितेर ब्याटिङ रोजेको कोशीले विकेट गुमाउदै २५४ रन बनायो । कोशीका लागि साकिब हकले ६३ बलमा ११ चौकाको सहयोगमा ६८ रन बनाए । यस्तै अङ्कीत सुवेदीले ३५, आशिष भट्टराईले ३४ र सुजन थपलियाले ३३ रन बनाए । बलिङतर्फ एपिएफ क्लबका अभिषेक गौतम र मौसाम ढकालले तीन तीन, कप्तान रोहितकुमार पौडेलले दुई तथा इरशाद अहमद र अमरसिंह रौटेलाले एक एक विकेट लिए ।

एपिएफ क्लबले २५५ रनको विजयी लक्ष्य ४४ दबमलव चार ओभरमा आठ विकेट गुमाएर पूरा गर्यो । एपिएफ क्लबका लागि लोकेश बमले अविजित ८४ रन बनाए । उनले ५४ बलमा ६ छक्का र ६ चौका प्रहार गरे । यस्तै रोहितकुमार पौडेलले ६१, दीपक बोहराले ३६, सन्दिप जोराले ३०, इर्शाद अहमदले अविजित १६ तथा अभिषेक गौतमले १४ रन बनाए । बलिङतर्फ कोशीका फिर्दोस अन्सारी र दिपेश कँडेलले तीन तीन तथा ज्ञानेन्द्र श्रेष्ठ र विपुल लुइँटेलले एक एक विकेट लिए ।रासस

# 'अञ्जिला हरेक खेलाडीको कथा हो'




काठमाण्डु । अखिल नेपाल फुटवल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्वाङ्गले चलचित्र 'अञ्जिला' मा देखाइएको सङ्घर्ष हरेक खेलाडीको जीवनीसँग मिल्ने बताउनुभएको छ । मङ्गलवार ललितपुरको लाविम मलमा रहेको एक चलचित्र भवनमा नेपाली राष्ट्रिय महिला फुटवल टिमकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला' हेरेपछि अध्यक्ष नेम्वाङ्गले चलचित्रले खेलमा आफ्नो भविष्य देख्नेलाई प्रेरणा दिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "चलचित्रमा देखाइएको पात्रले हाम्रो सबै खेलाडीको प्रतिनिधित्व गर्छ, कप्तान सुब्बाको जस्तो सङ्घर्ष गरेर धेरै खेलाडीले गर्नुभएको छ । यहाँ हामीले आफ्नो बच्चा पनि लिएर आएका छौँ, किनकी चलचित्रले उनीहरूलाई लक्ष्य प्राप्तिका लागि मेहनत गर्न प्रेरणा दिन्छ । यो हरेक खेलाडी हेर्नु पर्ने चलचित्र बनेको छ ।"

उहाँले खेलाडीको विषयमा चलचित्र बन्नु प्रसंशनीय रहेको बताउदै निर्माता प्रेमकुमार श्रेष्ठ र निर्देशक मिलन चाम्सलाई धन्यवाद दिनुभयो । कप्तान सुब्बाका धर्मपिता समेत रहनुभएका निर्माता श्रेष्ठले यसचलचित्रको सफलताले आगामी दिनमा खेलाडीको विषयमा चलचित्र बनाउन अन्यलाई पनि प्रोत्साहित गरेको बताउनुभयो ।

"नेपालमा खेलाडीका विषयमा बनेका चलचित्रले व्यावसायिक सफलता आर्जन गर्न नसकेका कारण अन्य निर्माताले लगानी गर्न सक्नुभएको थिएन, यद्यपि अञ्जिलाको सफलताले उहाँहरूलाई हौसला दिएको छ । मैले कप्तान सुब्बालाई लिएर देखेको सपना पनि छिटै पूरा हुने भएको छ", निर्माता श्रेष्ठले भन्नुभयो ।

चलचित्रका निर्देशक चाम्सले धेरै खेलाडीको कथा चलचित्रमा आउन योग्य रहेको बताउनुभयो । "अब आउँदो समयमा खेलाडी वा खेलको विषयमा चलचित्र बन्ने छ, मैले केही चलचित्रको छलफल भएको सुनेको छु । यो एउटा खेलप्रेमीका लागि पनि सुखद खबर हो", निर्देशक चाम्सले भन्नुभयो ।

आयोजित विशेष प्रदर्शनीमा एन्फाका महासचिव किरण राई, पूर्व कप्तान हरि खड्का र विराज महर्जन, खेलाडी सङ्घका अध्यक्ष विक्रम लामा, महिला फुटवल सङ्घका केन्द्रीय सदस्य पेमा लामा र विना श्रेष्ठ, राष्ट्रिय महिला फुटबल टिमको म्यानेजर विन्द्रा देवानलगायत उपस्थित हुनुहुन्थ्यो । नेपालमा यो चलचित्र गत फागुन २९ देखि प्रदर्शनमा आएको हो ।रासस

# छ लाख मेट्रिक टन कोक प्लास्टिक फोहोर जलमार्गमा प्रवेश



एएफपी

वासिङ्टन ।सन् २०३० सम्म कोका-कोलाका उत्पादनहरूले प्रत्येक वर्ष विश्वको महासागर र जल क्षेत्रमा अनुमानित १.३३ अर्ब पाउन्ड (छ लाख दुई हजार मेट्रिक टन) प्लास्टिकजन्य फोहर प्रवेश गर्ने देखिएको एक गैरनाफामूलक संस्था ओसियानाद्वारा बुधबार सार्वजनिक एक एक विश्लेषणात्मक अध्ययनले देखाएको छ ।

यो एक करोड ८० लाख ह्वेलको पेट भर्न प्रयाप्त हुने प्लास्टिक हो ।वैज्ञानिकहरूले क्यान्सर, बाँझोपन, मुटुरोग र अन्य रोगसँग जोडेका माइक्रोप्लास्टिक्स (प्लास्टिकका साना कण)को फैलावटले निम्त्याएको मानव स्वास्थ्य जोखिमबारे बढ्दो चिन्ताका बीच यो रिपोर्ट आएको हो।

"कोका-कोला विश्वमा पेय पदार्थको सबैभन्दा ठूलो उत्पादक र बिक्रेता हो यसकारण समुद्रको प्रदूषणको चर्चा गर्दा यसको प्रभावबारे छलफल गरिनु वास्तवमा महत्त्वपूर्ण बिषय हुनेछ," "कर्पोरेट प्रदूषकहरूलाई लक्षित गरी ओसियानाको अभियानको नेतृत्व गर्नुभएका म्याट लिटलजोनले भन्नुभयो ।

सन् २०२४ मा साइन्स एड्भान्समा प्रकाशित एक अध्ययनअनुसार विश्वको शीर्ष ब्रान्डेड प्लास्टिक प्रदूषकको रूपमा कोका-कोला रहेको छ भने त्यसपछि पेप्सीकोला, नेस्ले, डानोन र अल्ट्रिया छन्।

ओसियानाको अनुमान सन् २०१८ देखि २०२३ सम्मको कोका-कोलाको सार्वजनिक रूपमा रिपोर्ट गरिएको प्याकेजिङ डाटामा आधारित छ र यो बिक्री वृद्धिको पूर्वानुमानसँग मिलेर 'व्यवसाय-जस्तै-सामान्य' परिदृश्य सिर्जना गर्दछ ।

परिणामः कम्पनीको प्लास्टिक प्रयोग २०३० सम्ममा वार्षिक ४.१३ मिलियन मेट्रिक टन (९.१२ बिलियन पाउन्ड) भन्दा बढी हुने अनुमान गरिएको छ ।

उक्त प्लास्टिकको कति भाग जलीय पारिस्थितिक प्रणालीमा पुग्नेछ भन्ने अनुमान गर्न अनुसन्धानकर्ताहरूले वैज्ञानिकहरूको एक अन्तर र्राष्ट्रिय टोलीले विकास गरेको र सहकर्मी-समीक्षा विधि प्रयोग गरी सन् २०२० मा एकेडेमिक जर्नल साइन्समा प्रकाशित १.३३ अर्ब पाउन्डको अनुमान गरेका थिए । यो लगभग २२० अर्ब आधा लिटर बोतल बराबर हो ।

ओसियानाले यो आश्चर्यजनक आकृतिलाई कम गर्नको लागि स्पष्ट समाधानका रूपमा पुनः प्रयोज्य प्याकेजिङ सामान फिर्ता ल्याउनु नै रहेको ठहर गर्छ ।

ती चाहे पुनः पूयोग गर्न सकिने ग्लास बोतल होस् या प्लाष्टिक बोतल । सामान्यतया ग्लास बोतललाई ५० पटक पुनः प्रयोग गर्न सकिन्छ भने मोटा पेट प्लास्टिक कन्टेनर (बोतल)लाई पुनः २५ पटक प्रयोग गर्नसकिने गरी बनाइएको हुन्छ ।

## पुनः उपयोग प्रतिज्ञाबाट टाढा हुादै

कोका-कोलास्वयंले सन् २०२२ मा पुनः प्रयोज्य प्याकेजिङ ' फोहर कम गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरूमध्ये एक' भएको स्वीकार गरेको थियो र सन् २०३० सम्ममा २५ प्रतिशत पुनः प्रयोग योग्य प्याकेजिङ पुर्याउने लक्ष्यमा प्रतिबद्ध थियो ।

डिसेम्बर २०२४ मा जारी गरिएको यसको नवीनतम स्थिरतासम्बन्धी मार्गदर्शनमा त्यो प्रतिज्ञालाई सुटुक्क हटाइएको छ । कम्पनीको अद्यावधिक लक्ष्यहरूमा पुनः प्रयोज्य प्याकेजिङको सट्टा पुनःनवीनीकरण सामग्रीको प्रयोग र सङ्कलन दरहरू बढाउनमा ध्यान केन्द्रित गरेको छ । यसले सोडा बोतलहरूको पुनः प्रयोग वा प्रशोधन र उपभोक्ताको बानी परिवर्तन महत्त्वपूर्ण चुनौती भएकोतर्फ जोड दिएको छ ।

पर्यावरणीय पक्षधरहरूले यसले प्रायः संकटको जडलाई सम्बोधन गर्नुको सट्टा उपभोक्ताहरूलाई दोष दिने काम गरेको भन्दै लामो समयदेखि पुनः प्रयोग वा प्रशोधनमा अति निर्भरताविरुद्ध चेतावनी दिँदै आएका छन् । "पुन प्रयोग गर्ने तरिका राम्रो हो, मलाई गलत नठान्नुहोस्", लिटलजोनले भन्नुभयो, "तर यदि तपाईं अधिक एकल-प्रयोग प्लास्टिक उत्पादन गर्ने र पुनः नवीनीकरणमा प्लास्टिक प्रयोग गर्न जाँदै हुनुहुन्छ भने यो एक समस्या हो ।"

प्लास्टिक उत्पादन तेलमा निर्भर गर्दछ र यसले कर्पोरेट प्लास्टिक प्रयोगलाई जलवायु परिवर्तनको प्रत्यक्ष चालक बनाउँदछ ।

तैपनि, आशा गर्न लायक कारण के छ भने कोका-कोलाले ब्राजिल, जर्मनी, नाइजेरिया र दक्षिणी टेक्सासजस्ता संयुक्त राज्य अमेरिकाका केही भागहरूमा समेत ठूलो मात्रामा रिफिलेबल प्रणालीहरू सञ्चालन गरिसकेको छ ।

"तिनीहरूसँग कुनै पनि पेय कम्पनीको सबैभन्दा ठूलो पुनः प्रयोज्य पूर्वाधार छ, र उनीहरूसँग यसलाई बढाउन र बाँकी उद्योगको लागि बाटो देखाउने क्षमता छ," लिटलजोनले भन्नुभयो ।


कोका-कोलाका प्रवक्ताले एएफपीसँगको कुराकानीमा भन्नुभयो, "कम्पनीको प्रयास हाल अधिक रिसाइकल गरिएका सामग्रीहरू प्रयोग गर्न र सङ्कलन प्रणालीमा सुधार गर्नमा केन्द्रित छ । हामी लगानी गरिरहेका छौं र हाम्रो पुनः भर्ने प्याकेजिङ विकल्पहरू विस्तार गर्न प्रतिबद्ध छौं र यो काम हाम्रो उपभोक्ता केन्द्रित रणनीतिको भागको रूपमा जारी रहनेछ ।

# अमेरिकासँग अप्रत्यक्ष आणविक वार्ता गर्न खुला : इरान

एएफपी

तेहरान । राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ आणविक सम्झौताका लागि वार्ता गर्न माग गर्नुभएपछि इरानले सोमबार अमेरिकासँग अप्रत्यक्ष वार्ताका लागि खुला रहेको बताएको छ ।

"जबसम्म इरानप्रति अर्को पक्षको दृष्टिकोणमा परिवर्तन हुँदैन, अप्रत्यक्ष वार्ताका लागि बाटो खुला छ", प्रत्यक्ष वार्ताको सम्भावनालाई अस्वीकार गर्दै विदेशमन्त्री अब्बास अराघचीले भन्नुभयो । उहाँका अनुसार तेहरानले धम्कीको अधीनमा र जबसम्म ट्रम्पले आफ्नो 'अधिकतम दबाब' नीति कायम राख्नुहुन्छ तबसम्म वासिङ्टनसँग प्रत्यक्ष वार्तामा संलग्न हुनेछैन ।



राष्ट्रपतिका रूपमा आफ्नो पहिलो कार्यकालमा त्यो नीतिअन्तर्गत ट्रम्पले सन् २०१८ मा इरानको आणविक कार्यक्रममा भएको ऐतिहासिक सम्झौताबाट अमेरिकालाई फिर्ता लिनुभयो र तेहरानमाथि प्रतिबन्धहरू पुनःस्थापित गर्नुभयो ।सन् २०१५ मा तेहरान र पश्चिमी शक्तिहरूबीच भएको सम्झौताले इरानलाई प्रतिबन्ध राहतको बदलामा आफ्नो आणविक महत्त्वाकांक्षा सीमित गर्न आवश्यक थियो । संयुक्त राज्य अमेरिकासहितका पश्चिमी देशहरूले लामो समयदेखि इरानलाई आणविक हतियारको खोजी गरेको आरोप लगाएका छन् । उक्त आरोपलाई तेहरानले अस्वीकार गर्दै यसको संवर्धन गतिविधिहरू शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको दाबी गरेको छ ।मार्च ७ मा ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्ला अली खामेनीलाई आणविक वार्ताको आह्वान गर्न र तेहरानले अस्वीकार गरेमा सम्भावित सैन्य कारबाहीको चेतावनी दिन पत्र लेखेको बताउनुभएको थियो ।

संयुक्त अरब इमिरेट्सका राष्ट्रपतिका सल्लाहकार अनवर गर्गसले मार्च १२ मा तेहरानलाई यो पत्र दिनुभएको इरानी समाचार एजेन्सी फार्सले त्यसबेला रिपोर्ट गरेको थियो ।शुक्रबार खामेनीले अमेरिकी धम्कीहरूले 'उनीहरूलाई कतै पुर्याउने छैन' भन्नुभएको थियो र इरानविरुद्ध ' यदि उनीहरूले केही हानिकारक गरे' भने पारस्परिक उपायहरूको चेतावनी दिनुभएको थियो ।

**Balwa Municipality**
**Office of The Municipal Executive**
**Balwa, Mahottari**

**Invitation For Bids**

1st Date of publication: 2081/12/14 (March 27, 2025)

Balwa Municipality Office of the Municipal executive Balwa, Mahottari invites electronic bids from eligible bidders for the Construction of the works given in the table below under SQ and NCB Single Stage one Envelope Procedure.

Details of Works

| S. No. | Contract Identification No. | Description of Works | Estimated amount without Vat & contingency | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/W/SQ/01/2081-82 | Ra.Aa.School Building Construction Balwa Municipality Wa.No.-6, Ammarpur | Nrs.1727980.50 | Nrs.1000.00 | Nrs.50000/- |
| 2 | Balwa.mun/W/NCB/04/2081-82 | Ward office Building Construction Balwa Municipality Wa.No.-10 | Nrs.4659260.72 | Nrs.3000.00 | Nrs.140000/- |
| 3 | Balwa.mun/W/NCB/05/2080-81 | Tower Light Maintenance Balwa Municipality Wa.No.-1 to 11 | Nrs.4750058.50 | Nrs.3000.00 | Nrs.140000/- |

Elligible Bidders may obtain further information from Balwa Municipality, Balwa, Mahottari and PPMO web portal: www.bolpatra.gov.np/egp

Chief Administrative officer

# आशा र विश्वास जगाउँदै ‘पोखरा-छेन्दु’ अन्तरराष्ट्रिय उडान




गण्डकी । पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट यही चैत ५ गते चीनको सिचुवान प्रान्त छेन्दुमा गरिएको पहिलो व्यावसायिक चार्टर्ड उडानसँगै चीनका सहरमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको छ ।

लामो समयदेखि पोखरेली जनसमुदायको माग तथा सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट सञ्चालनमा आएको पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्धाटन भएको दुई वर्षसम्म पनि नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन । पहिलो उडानको साक्षी बन्दै छेन्दु पुगेका १२६ सदस्यीय टोलीले विभिन्न प्रवर्द्धनात्मक कार्यकम गरी मङ्गलबार फर्किएको छ ।

पोखरा पर्यटन परिषद्को आयोजना एवं पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, सिचुवान एयरलाइन्स र नेपालस्थित चाइनीज एसोसिएसनसँगको सहकार्यमा गरिएको ऐतिहासिक उडानका साथै नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएका विटुबी, सेल्समिसनलगायतका प्रवर्द्धनात्मक कार्यक्रमले ठूलो आशा एवं विश्वास जगाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो ।

पोखरा-छेन्दु उडानलाई नियमित गर्ने उद्देश्यका साथ सिचुवान एयरलायन्सले चार्टर्ड उडान सुरु गरेको छ। पहिलो उडानका क्रममा त्यहाँका सरकारी निकायका प्रतिनिधि, चिनियाँ पर्यटन व्यवसायीसँग गरिएका छलफल एवं बिटुबी, सेल्स मिसन आदिले आगामी दिनमा अन्तरराष्ट्रिय उडानले निरन्तरता पाउने विश्वाससँगै उत्साह जगाएको अध्यक्ष पहारीले उल्लेख गर्नुभयो ।

“उडानलाई निरन्तरता दिनुपर्छ भन्ने कुरामा चिनियाँ प्रतिनिधिमण्डल सक्रियताका साथ लागेको पायौँ”, उहाँले भन्नुभयो, “दुई देशबीचको पर्यटकीय साझेदारी बढाउने कुरामा दुवै पक्षबीच महत्त्वपूर्ण छलफल एवं अन्तरक्रिया भएका छन् ।”

चीनको सिचुवान प्रान्तमा मात्रै नौ करोड जनसङ्ख्या रहेकामा छेन्दु र छोङछिङबाट अधिकतम पर्यटकहरू घुम्न निस्कने गरेको उहाँले जानकारी गराउनुभयो । कार्यक्रममा नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएको बिटुबी र सेल्समिसन भव्यताका साथ सम्पन्न भएको बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो ।

“यो कार्यक्रमसँगै चीन केबल काठमाडौँबाट मात्र नभई पोखराबाट पनि जोडिएको छ”, उहाँले भन्नुभयो, “काठमाडौँबाहेकका गन्तव्यबाट चीन जोडिएको छ भन्ने सन्देशसँगै पोखरा धेरै चीनका सहरसँग मैत्रीपूर्ण सम्बन्ध भएको सहर भएको र यहाँबाट सिधै उडान सुरु भएको सन्देश मितेरी सहरहरूमा पुगेको छ।”

काठमाडौँमा मात्र नभई पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल समेत रहेको जानकारी दिँदै उहाँले पोखरामा विमानस्थलबाट गरिएको छेन्दुको सीधा उडानले काठमाडौँबाहेकका विमानस्थलको अन्तरराष्ट्रिय बजारमा जानकारी गराएको बताउनुभयो ।

उहाँका अनुसार पहिलो व्यावसायिक उडानका क्रममा बोर्डको आयोजनामा गरिएका छेन्दु र छोङछिङका कार्यक्रम पोखराको पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण बनेका छन् । बोर्डले यस अघि छेन्दुमा प्रवर्द्धनात्मक कार्यक्रम गरिएको भए पनि छोङछिङमा पहिलोपटक कार्यक्रम गरेको हो । यी दुवै कार्यक्रमको त्यहाँस्थित चिनियाँ सञ्चारमाध्यमले प्राथमिकताका साथ समाचार सम्प्रेषण गरेका थिए ।

> “यो कार्यक्रमसँगै चीन केबल काठमाडौँबाट मात्र नभई पोखराबाट पनि जोडिएको छ”, उहाँले भन्नुभयो, “काठमाडौँबाहेकका गन्तव्यबाट चीन जोडिएको छ भन्ने सन्देशसँगै पोखरा धेरै चीनका सहरसँग मैत्रीपूर्ण सम्बन्ध भएको सहर भएको र यहाँबाट सिधै उडान सुरु भएको सन्देश मितेरी सहरहरूमा पुगेको छ ।”

नेपालमा सन् २०१९ मा एक लाख ६९ हजार ५४३ जना चिनियाँ पर्यटक आएकामा त्यसपछि कोभिड-१९ का कारण सो सङ्ख्या घटेर सन् २०२० मा १९ हजार २५७ पुगेको थियो । त्यसपछि सन् २०२१ मा छ हजार १९८, सन् २०२२ मा नौ हजार ५९९ जना चिनियाँ पर्यटक नेपाल आएका थिए ।

कोभिड १९सँगै आफ्ना नागरिकलाई बाहिरी राष्ट्रमा घुमफिरका लागि रोक लगाएकोमा सन् २०२३ मार्चबाट नेपाल भ्रमण गर्न खुला गरेको थियो । त्यस वर्ष ६० हजार ८७८ जना चिनियाँ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२४ मा नेपालमा चिनियाँ पर्यटकको सङ्ख्या एक लाख एक हजार ८७९ जना पुगेको कार्यालय प्रमुख लामिछानेले जानकारी दिनुभयो ।

त्यहाँस्थित चिनियाँ पर्यटन व्यवसायीका अनुसार चीनमा अङ्ग्रेजी महिनाको जुन र जुलाईमा विद्यालय बन्द हुन्छन् । सो समयमा अभिभावक आफ्ना बालबच्चा लिएर भ्रमणमा निस्कन्छन् । उनीहरू छोटो दूरीका रुपमा विशेषत हङकङ वा थाइल्यान्ड जाने गर्दछन् । थाइल्याण्डको दूरीमा रहेको पोखरा उनीहरूका लागि अर्को महत्त्वपूर्ण गन्तव्य बन्न सक्ने उनीहरूको भनाइ छ ।

आगामी तीन महिनामा करिब एक हजार २५० जना चिनियाँ पर्यटक चीनको सिचुवान प्रदेशबाट हवाई मार्गहुँदै सीधा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गराउन प्रयासरत रहेको चिनियाँ दूतावास, सिचुवान एयरलाइन्स र चाइना ट्राभल इन्टरनेशनल छेन्दुले जनाएको छ ।

कार्यक्रमकै क्रममा पोखरासँग मितेरी सम्बन्ध अघि बढेको लुझेउ सहरका नगर प्रमुख यु छिन्हीसँग पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको औपचारिक भेटवार्ता भएको थियो । महानगर प्रमुख आचार्य र उहाँसँग सहभागी प्रतिनिधिमण्डललाई लुझाउ नगर प्रमुख छिन्हीले स्वागत गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाइँ, पोखरा महानगरपालिकाका-२१ का वडाध्यक्ष दीपक सुवेदी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछाने, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईलगायत सहभागी हुनुहुन्थ्यो । त्यस्तै लुझाउ नगरका तर्फबाट साउथ वेष्ट मेडिकल युनिभर्सिटीका अध्यक्ष हि ताओ, नगरका उपप्रमुख लुओ सुपिङलगायतको सहभागिता थियो ।

उक्त भेटमा पोखरा-छेन्दु नियमित उडानसँगै पोखरा र लुझाउसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउने कुरामा दुवै पक्ष सहमत भएका थिए । शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायतका क्षेत्रमा साझेदारी बढाउने, लुझाउमा रहेको परम्परागत चिकित्सा प्रणालीका लागि सहकार्य गर्ने आदि विषयमा महत्वपूर्ण छलफल गरिएको थियो ।

पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य भएका कारण चिनियाँ पर्यटकको रोजाइमा यो पर्ने गरेको पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराई बताउनुहुन्छ । पछिल्लो समयमा पोखरामा चिनियाँ पर्यटक लक्षित पूर्वाधारहरू बनिरहेको उहाँको भनाइ छ ।रासस

## जलविद्युतमा लगानी गर्न भारतीय लगानीकर्तालाई ‘इप्पान’को आग्रह




काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गर्नुभएको छ । नयाँ दिल्लीमा बुधबार भएको ‘नेपाल-भारत इनर्जी समिटमा’ बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गर्नुभएको हो ।

“नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ”, कार्कीले भननुभयो ।

नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार, नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उहाँको भनाइ छ ।नेपाल आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उहाँले जानकारी गराउनुभयो ।

इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार १०० मेगावाट क्षमताका आयोजना विद्युत् खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताउनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गर्नुभयो । ‘जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी’ भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासङ्घको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ ।रासस

## यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले बुधबारका लागि कृषि उपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (मुढे) प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ४०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ५०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु १२० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ६०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ७०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ६०, परबर (लोकल) प्रतिकिलो रु ८०, परबर (तराई) प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ८०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकिलो रु ६० तथा भिण्डी प्रतिकिलो रु १२० कायम गरिएको छ । यस्तै, सखरखण्ड प्रतिकिलो ८०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ८०, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकिलो रु ५०, मेथीको साग प्रतिकिलो रु ७०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १५०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु ७०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु २००, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ७०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, तरबुजा हरियो प्रतिकिलो रु ८०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १८०, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३५, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकिलो रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १३०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १०० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु १००, सुर्खानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ६०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १८०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ ।रासस


## एकता बचत तथा ऋण सहकारी संस्था लि.

जनकपुर-०४, धनुषा (नेपाल)

### भाखा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सुचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी/ सदस्यहरुले निम्न कार्यका लागि पटक पटक गरी ऋण हालसम्म नबुझाई भाखा नपाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्थाबाट पटक पटक लिखित तथा मौखिक तर ताकेता गरिएको हो । निजहरु आफैँबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिदा र समुह गठन गर्दा पालन गर्न मन्जुर गरेका सर्तहरु समेत भंग गरी ऋणको साबाँ, ब्याज तथा हर्जाना समेत नबुझाएको हुदाँ यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई ऋण बुझाउने यो सार्बजनिक सुचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र पनि ऋण बुझाउन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, निज ऋणी सदस्यले कर्जा लिदा गरिदिएको लिखित तससुक तथा यस संस्थाको कर्जा लगानी तथा असुल सम्बन्धी आन्तरिक कार्यविधिअनुसार ऋण लिँदा संस्थालाई लेखि दिएको धितो लिलाम/ बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिनुपर्ने रकम असुली उपर गरिने व्यहोरा जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ब्यक्तिहरुलाई निम्न उल्लेखित ऋण लिँदा आफ्नो जायजेथा मन्जुरीमा दिनेहरुलाई उल्लेखित व्यहोराको जानकारी यसै सुचनाद्धारा गराइएको छ । ऋण नतिर्ने ऋणी / सदस्यहरुलाई कालो सुचीमा वा धितो लिलामीको कारबाही अगाडी बदाईने व्यहोरा समेत सुचित गराईन्छ।

तपसिल


| क्र.स. | ऋणी को नाम | ठेगाना | पति वा पत्नीको नाम | बाबुको नाम | बाजे /ससुराको नाम | कर्जा उधेश्य | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा/जमानी कर्ता |
|---|---|---|---|---|---|---|---|---|
| १ | अभिनित सिंह | जनकपुर-०१ | | देवलेश प्रसाद सिंह | जिवछ सिंह राजपुत | व्यापार | २,७१,७३२/- | उषा देवी सिंह |
| २ | शारधा देवी महतो | जनकपुर-०४ | सोनफिल महतो नोनिया | राधे महतो | जनक महतो | व्यापार | ३,४३,७१६/- | किसुन महतो |
| ३ | नैयम दफाली | जनकपुर-१६ | हस्मुक खातुन | हविवा दफाली | जेनु दफाली | व्यापार | १,४९३१७,/- | हस्मत खातुन |
| ४ | रेखा देवी महतो | जनकपुर-०१ | किसुन महतो | सोनफिल महतो नो निया | घनश्याम महतो | व्यापार | २,३५,९३४/- | किसुन महतो/शारधा देवी महतो |
| ५ | अनिता देवी साह सोनारनी | जनकपुर-१९ | रामनाथ साह सोनार | पुलकित साह सोनार | कारी साह | व्यापार | ७७,४७९/- | राज किशोर साह |
| ६ | लक्ष्मी देवी लोहार | जनकपुर-०२ | राम बाबु ठाकुर लोहार | शिवम ठाकुर लोहार | बिन्देश्वर ठाकुर लोहार | व्यापार | २,००,६३४/- | राम बाबु ठाकुर लोहार |
| ७ | राकेश महतो | जनकपुर-०१ | | राम बाबु महतो | बिसो महतो | व्यापार | १,०५,८३०/- | सुनिता देवी महतो सुडी |
| ८ | सुलेन्द्र कुमार महतो | जनकपुर-१६ | मिना देवी महतो | राम लोचन महतो | महाबिर महतो | व्यापार | १०,७६,३५६/- | मिना देवी महतो |
| ९ | मिना देवी महतो | जनकपुर-१६ | सुलेन्द्र महतो | जय किशोर साह | राम प्रसाद साह | व्यापार | ८,८१,१५०/- | सुलेन्द्र महतो |
| १० | आनन्द कुमार चौधरी | जनकपुर-२३ | | श्याम चौधरी भुमिहार | बढन चौधरी भुमिहार | व्यापार | ७,१२,२४६/- | शयूम चौधरी भुमिहार |
| ११ | सीता देवी साह | जनकपुर-२१ | राजेश्वर साह | जगदीश साह | बेच्चु साह | व्यापार | ७८,७०४/- | राजेश्वर साह |
| १२ | राम वाबु रौनियार | जनकपुर-०४ | रेणु देवी रौनियार | राम चन्द्र प्रसाद रौनियार | लक्ष्मी साह | व्यापार | १,६९,९८७/- | श्याम बाबु प्रसाद साह |
| १३ | अजय कुमार ठाकुर | जनकपुर-२३ | पुनम देवी ठाकुर | राम सुबरन ठाकुर | कुलजित ठाकुर | व्यापार | ३,१५,३५६/- | पुनम देवी ठाकुर |
| १४ | बिनोद साह | जनकपुर-०३ | कविता देवी साह | रामा साह | देव चन्द्र साह | व्यापार | ४,५३,९४६/- | कविता देवी साह |
| १५ | बवीता कुमारी | जनकपुर-०३ | | इन्द्र मण्डल | मोहन मण्डल | व्यापार | १,२४,५४९/- | सुरज कुमार मण्डल |
| १६ | उर्मिला देवी साह | जनकपुर-०४ | श्याम प्रसाद साह | राम सकल चौधरी | राम बहादुर चौधरी | व्यापार | १,५३,३८३/- | इन्दीला देवी बरही |
| १७ | धर्बेन्द्र साह | जनकपुर-०७ | गीता देवी | महेन्द्र साह | नन्द लाल साह | व्यापार | ३,५३,०७५/- | गीता देवी |
| १८ | जगदिश पाण्डे | जनकपुर-१९ | सबिता नायक | चन्देश्वर पाण्डे | असर्फी पाण्डे सुडी | व्यापार | १,६२,४५८/- | सुरज पाण्डे |
| १९ | सुरज पाण्डे | जनकपुर-०१ | | जगदिश पाण्डे | चन्देश्वर पाण्डे | व्यापार | ८८,३२८/- | जगदिश पाण्डे |
| २० | बिजय कुमार साह तेली | जनकपुर-०४ | सभ्यलता साह | शंकर साह तेली | अनुपलाल साह | व्यापार | २,३९,१७१/- | सभ्यलता साह |
| २१ | गोविन्द प्रसाद अग्रवाल | जनकपुर-०५ | मंजु देवी अग्रवाल | भवनी प्रसाद अग्रवाल | मोति प्रसाद अग्रवाल | व्यापार | ७,७३,०२३/- | मंजु देवी अग्रवाल |
| २२ | रोहित केजरीवाल | जनकपुर-०२ | उमा केजरीवाल | सुरजमल केजरीवाल | भागिरतमल केजरीवाल | व्यापार | १३,५०,१८२/- | उमा केजरीवाल |
| २३ | आकाश गुप्ता | जनकपुर-०१ | | दिनेश कुमार गुप्ता | भिखारी प्रसाद गुप्ता | व्यापार | ९,८२,६५४/- | हिरा कुमारी साह |
| २४ | आनन्द कुमार चौधरी | जनकपुर-२३ | | श्याम चौधरी भुमिहार | बदन चौधरी भुमिहार | व्यापार | ६,८२,६७७/- | श्याम चौधरी भुमिहार |
| २५ | अजित चौधरी | जनकपुर-०४ | | वैदेही चौधरी | राम नरेश चौधरी | व्यापार | ३,०८,६९६/- | राम नरेश चौधरी |
| २६ | संजय कुमार महरा | जनकपुर-०४ | शोभा देवी महरा | सहदेव महरा | कोल्हाई महरा | व्यापार | ३,७७,२०२/- | शोभा देवी महरा |
| २७ | मन्जुला रौनियार | जनकपुर-०२ | अर्जुन पण्डित | भगवानलाल प्रसाद | श्री राम जानकी राम | व्यापार | १६,९३,३९२/- | पबित्री कुमारी / अर्जुन गुप्ता |

# शैक्षिक सुधारको माग गर्दै वडाध्यक्ष आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-११ का वडाध्यक्ष सरोजकुमार यादव लामो समयदेखि आन्दोलित छन् ।

करिब डेढ महिनादेखि वडाध्यक्ष यादव धर्नामा बसेका छन् । शैक्षिक सुधार, सरसफाई तथा कर्मचारी व्यवस्थापनलगायतका विभिन्न माग राख्दै माघ २८ गतेदेखि सबैला नगरपालिकाको प्रवेशद्वारमा धर्नामा बसेको उनले जानकारी दिए ।



वडाध्यक्ष यादवले विद्यार्थी संख्याको अनुपातमा शिक्षक पूर्ति, वडा कार्यालयमा कर्मचारी व्यवस्थापन र सरसफाइलगायतका माग राख्दै धर्नामा ४४ दिनदेखि बसेको दाबी गरे । उनले आफ्नो माग कार्यान्वयन नभएसम्म धर्ना जारी राख्ने बताए । उनले स्थानीय सरकार नागरिकका मौलिक हक सुनिश्चित गर्ने संस्था भएको बताउँदै आफ्नो प्रस्तावमाथि छलफल नहुँदा अनिश्चितकालीन धर्नामा बस्न बाध्य भएको बताए ।

वडाध्यक्ष यादवले पाँच वटा नगरसभा र २० भन्दा बढी कार्यपालिका बैठकमा आफ्नो प्रस्ताव राखे पनि त्यसमाथि छलफल नै नभएको बताए । उनले मेयर कारीराम यादवले आफूले राखेका प्रस्तावलाई वास्ता नगरेको आरोप लगाए ।

वडाध्यक्ष यादवले आफूले उठाएको माग आफ्नो वडाको मात्रै नभइ नगरपालिकाको सबै वडाको साझा समस्या भएको बताए । उनले यहाँ विद्यार्थी संख्याको अनुपातमा ७० भन्दा बढी शिक्षक संख्या कम रहेका जानकारी दिए । शिक्षकको संख्या धैरै कम भएकाले विद्यार्थीको अध्ययन प्रभावित भइरहेको उनको भनाइ छ ।

वडाध्यक्ष यादवले जनाएअनुसार वडा कार्यालयमा कम्प्युटर अपरेटरको पनि अभाव छ । जसले गर्दा स्थानीयवासीलाई सेवा दिन कठिनाइ भइरहेको उनको कथन छ ।

उनले विषय तथा कक्षाअनुसार शिक्षक पूर्ति, सामाजिक सुरक्षाभत्ता प्रत्येक वडाको टोल टोलमै गएर वितरण गर्नुपर्ने, राष्ट्रिय परिचयपत्र प्रत्येक वडामा गएर बनाउने व्यवस्था गर्नुपर्ने, प्रत्येक वडा कार्यालयमा कम्प्युटर अपरेटरको व्यवस्था गर्नुपर्ने आफ्नो माग रहेको बताए ।

सबैला नगरपालिकाका मेयर यादवले वडाध्यक्ष यादवले उठाएका केही जायज मागलाई कार्यान्वयन भइरहेको राष्ट्रिय परिचयपत्र र समाजिक सुरक्षाभत्ता गाउँगाउँमै गएर वितरण गर्नुपर्ने माग सुरक्षा तथा प्राविधिक दृष्टिकोणले अनुचित भएको उनले बताए ।

# मुख्यमन्त्री सिंहको निर्देशनमा साह पक्राउ

**मुख्यमन्त्री सिंहले दुई साता अघि अनुगमनको क्रममा आनन्द हस्पिटल मापदण्ड विपरीत हस्पिटल सञ्चालनमा रहेको पाइएपछि बन्द गर्न निर्देशन दिएका थिए ।**

**टुडे समाचारदाता**

रौतहट । मुख्यमन्त्री सतीशकुमार सिंहको निर्देशनलाई अटेरी गरेको भन्दै रौतहटको शिवनगर स्थित आनन्द हस्पिटल तथा एक्युपञ्चर सञ्चालक उमेश प्रसाद साहलाई प्रहरीले पक्राउ गरेको छ ।




रौतहटका प्रहरी एसपी दिलीप घिमिरेको निर्देशनमा इलाका प्रहरी कार्यालय शिवनगरका प्रमुख सई बब्लुकान्त झाको नेतृत्वमा गएको टोलीले उनलाई उनको हस्पिटलबाट केही बेर अघि पक्राउ गरेको हो ।

पक्राउ परेका कथित डाक्टर साह लाई तत्कालै आवश्यक कारबाहीको लागि प्रहरीकै गाडीमा राखेर जिल्ला प्रहरी कार्यालय गौर तर्फ पठाइएको रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताए ।

हस्पिटल सञ्चालक साहलाई नियन्त्रणमा लिएर अनुसन्धान पछि उचित कारबाही गरिने एसपी घिमिरेले बताए ।

मुख्यमन्त्री सिंहले दुई साता अघि अनुगमनको क्रममा आनन्द हस्पिटल मापदण्ड विपरीत हस्पिटल सञ्चालनमा रहेको पाइएपछि बन्द गर्न निर्देशन दिएका थिए । मापदण्ड पूरा गरेपछि मात्र हस्पिटल सञ्चालन गर्ने भनी मुख्यमन्त्री सिंहले दिएको निर्देशनलाई आनन्द हस्पिटल शिवनगरका सञ्चालक उमेश प्रसादले अटेरी गरी निर्वाध रूपमा हस्पिटल सञ्चालन गर्दै आएका थिए ।

नियमानुसार व्यवस्थापन नहुञ्जेलसम्म पुरानो बिरामीलाई अन्य हस्पिटलमा राखेर उपचार गर्ने तथा आनन्द हस्पिटलले उपचार खर्च दिनुपर्ने हुन्छ ।

तर त्यसको विपरीत कथित डाक्टर साहले पुरानो बिरामीको आफ्नै हस्पिटलमा उपचार गर्नुका साथै नयाँ बिरामीलाई समेत त्यसै हस्पिटलमा भर्ना गरी उपचारको नाउँमा लुट मच्चाउँदै आएको प्रत्यक्षदर्शीले बताए ।

पछिल्लो दुई दशक देखि उमेश प्रसादले अवैध हस्पिटल सञ्चालन गरी लकवा प्यारालाइसिस रोगको उपचारको नाउँमा खुलेआम लुट मच्चाउँदै आएका छन् ।

मुख्यमन्त्री सिंहले गरेको अनुगमनको क्रममा शिवनगर, गरुडा, र चन्द्रपुरमा मापदण्ड विपरीत सञ्चालनमा रहेको डेढ दर्जन हस्पिटल बन्द गर्न निर्देशन दिएका थिए ।

# डिएसपी पनि जिम्मेवारीमुक्त



**टुडे समाचारदाता**

लहान । एसपीलाई जिम्मेवारीबाट हटाएको २४ घण्टा नपुग्दै सिरहाका डीएसपी पनि जिम्मेवारीमुक्त भएका छन् । दलित परिवारमाथि ज्यादती गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट एसपीपछि लहानका डीएसपीको पनि जिम्मेवारी खोसिएको छ । कार्यावधि नपुग्दै एसपी रमेश पण्डित मंगलबार त्यहाँबाट हटाइएका थिए । उनको ठाउँमा अर्का एसपी अनन्तराम शर्मा खटाइएका छन् ।

एसपी पण्डित जिम्मेवारीमुक्त भएसँगै सिरहास्थित इप्रका लहानका प्रमुख डीएसपी विष्णुप्रसाद सोती पनि तानिएका हुन् । त्यहाँ डीएसपी हिरेन्द्र रोकायालाई खटाइएको छ ।

जिल्लाको औरही गाउँपालिका- ५ मा महायज्ञका नाममा दलित परिवारको आँगनमा डोजर चलाइएको विषय व्यापक भएपछि जिल्लाका सीडीओ र एसपी विवादमा मुछिएका थिए । प्रहरी प्रधान कार्यालयको छानबिनमा डीएसपी सोती पनि दोषी देखिएपछि उनी तानिएको स्रोतको दाबी छ ।

# जीतपुरसिमराका वडाध्यक्ष सुनिल गुप्ता धरौटीमा रिहा



**रञ्जन यादब**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ७ का वडाध्यक्ष सुनिल गुप्ता १ लाख २५ हजार रुपैयाँ धरौटीमा रिहा भएका छन् । १० दिन प्रहरी हिरासतमा रहेका वडा अध्यक्ष गुप्ता मंगलबार धरौटीमा छुटेका हुन् । आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी मुद्दामा जिल्ला अदालत बाराको ३ नं. इजलासका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले धरौटीमा छाड्ने आदेश दिएको हो । स्थानीय पर्शुराम गिरिको उजुरीको आधारमा प्रहरीले चैत्र ३ गते वडाध्यक्ष गुप्तालाई पक्राउ गरेको थियो । अनुसन्धानका क्रममा प्रहरीले पहिलोपटक ७ दिनको म्याद थप गरेको थियो भने दोस्रो पटक ३ दिनको म्याद थप गरेको थियो । उक्त मुद्दामा संलग्न अर्को व्यक्ति सुनिल गुप्ता पनि ७५ हजार रुपैयाँ धरौटी बुझाइ रिहा भएका छन् । सोही मुद्दामा वडाध्यक्ष गुप्तासहित १० जनाविरुद्ध मुद्दा दायर गरिएको छ । हालसम्म ८ जना अझै फरार रहेका छन्, जसको खोजी कार्य प्रहरीले जारी राखेको छ । प्रहरीले सुरुमा वडाध्यक्ष गुप्तामाथि डाँका, अपराधिक उपद्रव तथा ज्यान मार्ने उद्योग चलाए पनि पछि परिवर्तन गरी अपराधिक प्रवेश तथा आपराधिक उपद्रव मुद्धा चलाएको थियो ।

अघिल्लो वर्ष जीतपुरका राजुराज गिरीको घरमा डोजर लिएर छिरेका गुप्तामाथि आपराधिक उपद्रवको मुद्दा लागेको थियो । बारा जिल्ला अदालतबाट दोषी ठहर भएर उच्च अदालतमा विचाराधीन मुद्दा किनारा नलाग्दै वडाध्यक्ष गुप्ता दोश्रो पटक उस्तै प्रकृतिको मुद्यामा पक्राउ परेका थिए । चैत्र १ गते होलीका दिन राति जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.७ मा रहेको पर्शुराम गिरीको घरमा जवर्जस्ती प्रवेश गरी कुटपिट तथा गाली गलौज गरेको आरोप गुप्तामाथि लागेको छ । रातिको समयमा वडाध्यक्ष गुप्ता सहितको एउटा समूह गिरिको घरमा प्रवेश गरी केही व्यक्तिलाई कुटपिट गरेको सिसिटिभी भिडियो बाहिरीएको थियो ।

सो क्रममा घरधनी प्रशुराम गिरीले हवाई फायर समेत गरेपछि सो घटनाले उग्ररुप लिएको थियो ।

# ‘चुनावमा सय मत नकटाउनेहरू अहिले राजावादी भन्दै उफ्रिएका छन्’

**टुडे समाचारदाता**

बारा । नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल तरुण दलका अध्यक्ष विद्वान गुरुङले जनताबाट अनुमोदित नभएकाहरू नै राजावादी भएर आन्दोलनमा उत्रिएको बताएका छन् ।




तरुण दलको पाँचौं महाधिवेशन तयारीका क्रममा बाराको कलैयामा आयोजित कार्यकर्तासँगको छलफल कार्यक्रममा उनले मुलुक गणतन्त्रमा गइसकेपछि भएको विभिन्न तहको चुनावमा सय मत पनि कटाउन नसकेकाहरू राजावादी भएर सडकमा उत्रिएको बताए ।

उनले भने, ‘गएको चुनावमा पूर्वपञ्चहरू मेयर, सांसद र मन्त्री हुने आकांक्षामा प्रतिस्पर्धा गर्दा थुप्रैले सय मतमाथि कटाउन सकेनन् । आज तिनीहरू नै राजावादी भएर ती पद पाइहाल्छ कि भनेर उफ्रेका हुन्,’ उनले भने, ‘कतै राजा आए भने भोलि मेयर, सांसद, मन्त्री भइहालिन्छ भनेर दिवासपना देखिरहेका छन् ।’

छिमेकी राष्ट्रको कुनै राज्यको मुख्यमन्त्रीको तस्वीर राखेर राष्ट्रवाद सिकाउन नमिल्ने पनि अध्यक्ष गुरुङले बताए । उनले भने, ‘छिमेकीले व्यवस्था परिवर्तन गराइदिने होइन,’ उनले भने ‘देशको व्यवस्था, सिमाना, धर्म र संस्कृति यहाँको नागरिकले रक्षा गर्छन् ।’

# जनकपुरधाम जलेश्वर सडकखण्ड अवरुद्ध गरी आन्दोलन



**टुडे समाचारदाता**

जनकपुरधाम । होली पर्वको क्रममा चाकु प्रहार गरी हत्या गरिएको घटनामा संलग्न भएकाहरुलाई अझैसम्म प्रहरीले पक्राउ नगरेको भन्दै स्थानीयवासीले जनकपुरधाम - जलेश्वर सडकखण्डमा अवरुद्ध गर्दै आन्दोलनमा उत्रेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका- २३ स्थित बिन्धीमा मृतकका परिवारजनसहित स्थानीयवासीले सडकजाम गरी प्रदर्शन गरेका थिए । चैत २ गते होली खेल्दा कुर्ता च्यातिएको निहुँमा स्थानीय २१ वर्षीय धर्मेन्द्र महतोले १५ वर्षीय आशुलाई घरबाट बोलाएर चाकु प्रहार गरी विभत्स हत्या गरेका थिए ।

घटनालगत्तै धर्मेन्द्रलाई प्रहरीले पक्राउ गरेका थिए । तर उनलाई चाकु दिने स्थानीय राकेश महतोलगायत आशुलाई घरबाट बोलाउन सहयोग गर्नेहरू भने अझैसम्म फरार रहेका छन् । घटनाको दुई साता पुग्दासमेत उनीहरूलाई प्रहरीले पक्राउ गर्न नसकेको भन्दै आशुकी आमा अर्चनासहितका स्थानीयले सडक अवरुद्ध गर्दै प्रदर्शन गरेका थिए ।

६ महिनाअघि अर्चनाका श्रीमान् पप्पुको मृत्यु भएको थियो भने उनका एक्ला छोरा गुमेपछि अर्चना सहाराविहीन बनेकी छन् ।

# डेढ क्वीन्टल गाँजासहित ४ जना पक्राउ

**टुडे समाचारदाता**

बारा । बारामा प्रहरीले डेढ क्वीन्टल लागूऔषध गाँजासहित चार जनालाई बुधबार नियन्त्रणमा लिएको छ । मकवानपुर र बाराको चुरे क्षेत्रमा उत्पादन हुने गाँजा भारततिर लैजान गोदाम गर्ने क्रममा तिनीहरू पक्राउ परेका छन् ।



पक्राउ पर्ने व्यक्ति भरिया मात्र हुन् । जितपुर सिमरा उपमहानगरपालिका-४ औराहास्थित दुधौरा खोलाको बाटोबाट प्रहरीले गाँजा बरामद गर्दै उनीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । उनले पक्राउ पर्नेमा जितपुरसिमरा २२ चक्रीका ४२ वर्षीय बुद्ध घलान, वडा ८ का ३६ वर्षीय नन्दकिशोर सहनी, २८ वर्षीय बीरबहादुर डम्बा र हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेका २७ वर्षीय सोमलाल पाखिन रहेको बताए ।

खोलै खोलाको बाटो हुँदै जितपुरसिमराको बकुलियातर्फ टाउकोमा बोकेर जाँदै गरेको अवस्थामा विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गर्दै थप अनुसन्धान भइरहेको उनले बताए ।

# सदा मृत्यु प्रकरणमा संलग्न भएको आरोपितलाई कारागार चलान

**टुडे समाचारदाता**

लहान । सिराहाको नवराजपुर गाउँपालिका भगवानपुरकी रिंकु सदाको बलात्कार र ज्यान गएको घटनाका एक अभियुक्तलाई सिराहा जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ । न्यायाधीश श्रीप्रकाश उप्रेतीको इजलासले घटना मिलाउन पञ्चायतीमा बस्ने वडा सदस्य नथुनी साहलाई पुर्पक्षका लागि कारागार चलानका लागि आदेश दिए ।



अन्य प्रतिवादीहरू विन्देश्वर साह, कारी भनिने करिया मुसहर, रामकृपाल मण्डल, रामदेव सदा र दुई नाबालकलाई जनही १ लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको छ ।

माघ ३० गते रिंकु आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । मृत्यु हुनु केही दिन अघि शौच गर्न जाँदा चार जना युवकले सामूहिक बलात्कार गरेको उनले बताएकी थिइन् । त्यसपछि सो बलात्कारको घटनालाई गाउँमा पञ्चायती बसेर मिलापत्र गराइएको थियो । रिंकु मृत भेटिएपछि उनको परिवारले प्रहरीमा जाहेरी दिएका थिए ।

# गेस्ट हाउसमा युवती मृत फेला

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवाको एक होटेलमा एक युवती मृत फेला परेकी छ न् ।

जिल्लाको मलंगवा नगरपालिका-९ स्थित ताज गेस्ट हाउसमा एक युवती मृत फेला परेकी छन् । भारत घर भएर दुई दिनदेखि सो गेस्ट हाउसमा बसेकी ३१ वर्षीया आरती मृत अवस्थामा भेटिएकी जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

गेस्ट हाउसको ९ नम्बर कोठामा बाल्टिनको सहयोग लिएर सलको पासो लगाएर झुन्डिएको अवस्थामा उनको शव भेटिएको सर्लाहीका एसपी रवीन्द्र सिंहले बताए । पछिल्लो केही समयदेखि आरती सर्लाहीमै थिइन् । घटनाबारे थप अनुसन्धान भइरहेको एसपी सिंहले जानकारी दिए ।

## सहकारीका गतिविधि बारे सचेत बनौं ।

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरुसंग आर्थिक कारोबार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नबसौं,
- सञ्चालकहरुलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं ।

सहकारी मूल्यमान्यताको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८